
Jana Aakash National Weekly
www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष -१६, अंक- ८, २०८० साल भदौ २६ गते मंगलबार (Sep 12, 2023) www.janaakash.com.np

## काठमाडौं महानगर-१६ का वडाध्यक्षको निधन




काठमाडौं। काठमाडौं महानगर वडा नम्बर १६ का अध्यक्ष मुकुन्द रिजालको निधन भएको छ । मिति २०८० भदौ २१ गते बिहान ग्राण्डी अस्पतालमा उपचारका क्रममा रिजालको निधन भएको अस्पताल श्रोतले जानकारी छ ।

रिजाल गत स्थानीय तह निर्वाचनमा काठमाडौं महानगरको १६ नम्बर वडाध्यक्षमा नेपाली कांग्रेसबाट निर्वाचित भएका थिए । रिजाल कांग्रेस काठमाडौं- ७ का क्षेत्रीय सभापति समेत हुन् ।

## क्याप्टेन रतन बहादुर लामिछाने पुरस्कार इल्या र राजेशलाई

**काठमाडौं** – तत्कालीन शाही नेपाल वायुसेवा निगमका वरिष्ठ पाइलट रतन बहादुर लामिछानेको स्मृतिमा स्थापना गरिएको क्याप्टेन रतन बहादुर लामिछाने पुरस्कार साहित्यकार इल्या भट्टराई र पत्रकार राजेश खनाललाई प्रदान गरिने भएको छ । सूचक प्रकाशनले विगत ६ वर्षदेखि संयोजन गर्दै आएको क्याप्टेन रतन बहादुर लामिछाने पुरस्कार यो वर्ष उहाँहरूलाई प्रदान गर्न लागिएको सूचक प्रकाशनका अध्यक्ष दीपक भेटुवाल (दीपसागर) ले बताए ।



२०४० को दशकदेखि नेपाली साहित्य लेखनमा प्रवेश गरेकी भट्टराईको मनै त हो, अनि, लफबराको वरिपरि, निशब्द प्रश्नहरु, युरोप नौलो परिवेश, कसले के बुझ्यो,जीवनका रंगहरू, म साँच्चिकै हराइछु, त्यो एउटा बिहान, दक्षिणायन लगायतका विभिन्न विधाका दस पुस्तकाकार कृतिहरु प्रकाशित भएका छन् । जसमध्ये उनको नियात्रा कृति दक्षिणायनले २०७५ सालको उत्तम शान्ति पुरस्कार प्राप्त गरेको थियो ।

यस्तै पुरस्कारका लागि चयन भएका अर्का


बाँकी ६ पृष्ठमा

# नेपाली काँग्रेसका महेन्द्र यादवमाथि खुकुरी प्रहार

मोहन कार्की

**काठमाडौं** – नेपाली काँग्रेसका सह महामन्त्री, पूर्व मन्त्री तथा संसद समेत रहेका महेन्द्र यादवमाथि मिति: २०८० भाद्र २० गते भृकुटीमण्डपस्थित रिर्पोटर्स क्लवमा खुकुरी प्रहार भएको छ । खुकुरी प्रहारवाट टाउकोमा चोट लागेका घाइते यादवको उपचार वीर अस्पतालको ट्रमा सेन्टरमा भईरहेको छ । खुकुरी प्रहार गर्ने नुवाकोट जिल्ला विदुर नगरपालिकाका वाडन ७ का श्याम सापकोटाले रिपोटर्स क्लवमा भएको साक्षात्कार कार्यक्रममा भाग लिई फर्कदै गरेका महेन्द्र यादवलाई आक्रोशित सापकोटाले आफैले झोलामा लगेको खुकुरी निकालेर प्रहार गरेको पत्यक्षदर्शीहरुले बताएकाछन् ।

खुकुरी प्रहारपछि श्याम सापकोटालाई प्रहरीले नियन्त्रणमा लिएर काठमाडौं टेकु परिसरले ज्यानमार्ने उद्योगमा मुद्दा दायर गर्न लागेको परिसरले जानकारी दिएको छ । खुकुरी प्रहारको घटनाले नेपालको सदन तातेको छ । संसदहरु त्रसित मानसिककतामा सदनमा छलफलमा देखिन्छन् । कतै भोलि हामी माथि पनि यस्तै खुकुरीका घारहरु आईलाग्ने होइनन् ? भन्दै प्रखर नेता भनेर चिनिने गगन कुमार थापाले बुढी मरि भन्ने चिन्ता होइन काल पल्कियो भन्दै यो गम्भिर बिषय हो भन्दै आफ्ना भनाइ राखेकाछन् । उनले काल पल्कियो भन्नुको अर्थ अव कोहि पनि सुरक्षित छैनौ है भन्ने भाव उनको भनाईवाट बुझिन्छ ।



खुकुरी प्राहार गर्ने श्याम सापकोटा



खुकुरी प्राहारबाट घाइते भएका काँग्रेस नेता महेन्द्र यादव

अर्का नेपाली काँग्रेसका नै संसद तथा केही महिना अगाडी आगलागीमा परेर भरखरै तङ्रदै गरेका चन्द्र भण्डारीले आलोचनात्मक ढंगवाट संसदमा खुकुरी प्रहारको बिषयलाई उठान गरेकाछन् । "कुनै एक व्याक्तिले हामीहरु माथि खुकुरी प्रहार गर्दा जनता खुकुरी प्रहार गर्ने व्याक्तिको पक्षमा बढी भएको जस्तो देखिदै छ । के भईराखेको छ । हामीले कस्तो सस्कार सिकाउदै छौ ? समाज कता गईराखेको छ ? जनताको पक्षमा हामीले काम गरयौ कि गरेनौ ? जनताको पक्षमा हामीले काम काहा गरयौ सोफामा बसेर ?"संसद भण्डारीले यस्तै प्रश्नहरु गर्दा कतिपय संसदहरुको अनुहार रातो भएको देखिन्थ्यो । संसद भनेको चुनाव जित्न रक्सी, मासु, ख्वाएर पैशाको खोलो बगाएर सदनमा जाने मन्त्री बन्ने अनियमियतता गरेर अकुत सम्पति जोड्ने जनताको पक्षमा कहिल्यै नीति नबनाउनेहरुको मुख रातो नभएर हशिलो पक्कै हुदैन थियो ।

एकाथरी हिजोको दिनमा राज्यसत्ता हत्याउन

बाँकी ६ पृष्ठमा






...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – – –

### नेपालको मुस्ताङ कहिलेवाट चल्छ ?

नेपालका नेपालीहरु देशमा रोजगार नभएर विदेशमा जान थालेको प्रजातन्त्र आएको जति बर्ष भयो त्यति नै बर्ष विदेश तिर जान थालेको पाईन्छ । तर त्यतिवेला अलि अलि मात्र मानिसहरु विदेशमा गएर पैशा कमाई ल्याउने चलन थियो त्यो पनि भारतमा यतिवेला नेपालका आधाभन्दा बढी जनसंख्या नेपाल छोडेर कोही विदेशमा नै कोही काम गर्न कोही पढ्ने नाममा विदेशमा उत्तै पलायन हुन थालेकाछन् ।

उनिहरुको एउटै भनाई छ । नेपालमा नबस्नुको कारण नेपालमा सम्भावना छैन । अवसर छैन । अवसर देशमा कसरी होस् । राणाकालीन अवस्थामा खुलेका, महेन्द्रकालीन समयमा खुलेका उद्योग कल कारखाना प्रजातन्त्रवादी भन्ने व्यास्था लागु भएपछि एकपछि अर्को गर्दै बन्द गरिए कोहि नीतिकरण गरिए, नेपालको पहिलो उद्योगको रुपमा रहेको रघुवीर जुटमिल गणतन्त्र आएपछि बन्द गरेर त्यस उद्योग स्थापना गर्न प्रयोग भएको ईटा समेत बेचेर सकिसकेकाछन् ।

यस्तो अवस्थामा केही मात्रमा राहात हुनेगरी नीजि क्षेत्रका उद्योगहरुले आशिंक रुपमा रोजगार सीर्जना गरेर मानिसहरुलाई राहात दिईराखेकाछन् । त्यतिले देशको बेरोजगार व्यवस्थापन गर्न सम्भव छैन । हुनत कुनै वेला दक्षिण कोरियाका जनता भोकमारी र आर्थिक रुपमा टाट पल्टेको वेला नेपाल खाद्यन्न निर्यात गर्ने देशमा उदयमान थियो । त्यतिनै वेला कोरियाले आफ्ना नागरिकलाई विदेशमा काम गर्न पठाउथ्यो उसले त्यसको अन्त्य गर्न देशका धेरै भन्दा धेरै मानिसलाई रोजगार दिन एउटा जुक्ति लगायो र एउटा हुन्डाई कम्पनीले गाडी उत्पादन गर्ने र अर्को स्टिल कम्पनीको विस्तार गर्ने योजना अनुसार दुईवटै सरकारी स्वामित्वमा खोलिएका कार कम्पनी र उद्योगले दक्षिण कोरियाका जनतालाई रोजगार मात्र दिएन मनग्य आम्दानी गरेर आजको विश्वमा विकसित र धेरै रोजगार सीर्जना गर्ने र एसियाको धनि देशमा परिणत भयो ।

गर्न चायो भने हुदो रहेछ भन्ने उदारण त्यहावाट पनि सिक्न सक्छौ । नेपालमा नेपालको भुबनौट अनुसार फोरहिल टायर लाग्ने मुस्ताङ म्याक्स गाडीको चर्चा कुनैवेला निक्कै भएको थियो । त्यो आज एक दशक पार भईसकेको छ । त्यतिवेलाका डा. बाबुराम भट्टराई प्रधानमन्त्री थिए भट्टराईले मुस्ताङ म्याक्स गाडी प्रयोग गरेर साच्चै देशमा एउटा उदारहणीय काम हुन लाग्यो भन्ने भान नेपालीहरुमा पर्न गएको थियो ।

तर त्यो हल्ला खल्ला गर्नको लागि मात्र ल्याईएको हो कि भन्ने अचेल मानिसहरुलाई पर्न थालेको छ । हुलासचन्द गोल्छा कम्पनीले निर्माण गर्न लागेको मुस्ताङ क्याक्स उद्योग सरकारले सहयोग नगरेका कारण बन्द भएको केही बर्ष अगाडी घोषणा भईसकेको छ ।

नेपालमा बार्षिक भण्डै ४ खर्बको यातायात क्षेत्रमा व्यापार हुने नाडा अटोमोवाईल्सका प्रतिनिधिहरुले जानकारी गराउदै आईराखेकाछन् । उनिहरुले तिर्ने कर पनि उच्च रहेको बताउने गरेकाछन् । उनिहरुको भनाईलाई आधार मान्दा नेपालीहरुमा पनि यातायात अर्थात सवारी साधन प्रयोग गर्ने हैसियतमा थुप्रै नेपालीहरु पुगिसकेकाछन् । नयाँ नयाँ मोडलमा सवारीहरु भित्रिदा किन्नेहरुको भीड धेरै जसो शोरुमा देखिन्छ ।

नेपालमा मुस्ताङ क्याक्स नामको हल्ला खल्ला भएको थियो । त्यो डिजेलवाट चल्ने कुरा थियो । त्यो बनेन सकियो । तर अवको नेपालमा ईलेक्ट्रिक सवारी साधन नेपालले नै उत्पादन गर्न सक्ने गरी लगानी नीजि उद्योग वा सरकारको नीजि क्षेत्रको सहकार्यमा थालेर नेपालका हजारौ लाखौ युवाहरुलाई आफ्नै देशमा रोजगार गराउने गरी काम थाल्नुपर्ने देखिन्छ । नीजि क्षेत्रका व्यावसायीले सवारी साधनको उद्योग खोल्नलाई धेरै ठुलो क्षेत्रफलमा प्लान्ट स्थापना गर्न जग्गा चाहिने त्यहा ठुलो भोल्टको बिजुली चाहिने त्यो सरकारले व्यवस्थापन गरिदिने हो भने सम्भव छ भन्ने गरेकाछन् । देशमा धेरै खाली जग्गाहरु रहेकाछन् । जसमा पाहाडका केही ठाउहरुमा त्यस्ता ठाउहरुछन् । त्यहा धेरै उत्पादन पनि हुदैन । त्यो पनि प्रयोग बिहिन बनेर बसेको जग्गामा उद्योग खोल्न सरकारले वातावरण बनाएर काम गर्ने उर्जा भर्ने र नीजि क्षेत्रले पनि उत्तिक्कै मेहेनत गरेर मेड ईन नेपाल लेखेको गाडी नेपालीले अनिवार्य प्रायोग गर्नुपर्ने वातावरण बनाउने र अन्य देशमा समेत निर्यात गर्ने काम गर्नुपर्ने देखिन्छ ।

नेपालमा जलविद्युत जतिपनि निकाल्न सकिन्छ । वातावरणीय दृष्टिकोणले पनि राष्ट्रलाई सफा बनाउन सकिन्छ । यस्तो नीति सरकार नीति क्षेत्र बसेर बनाई नेपालमा मुस्ताङ, कञ्चनजंङगा, सगरमाथा जस्ता नाम राखेर सवारी साधन उत्पादन गरी नेपालको पनि उत्पादन विश्व बजारमा पुर्‍याई प्रतिष्ठा कमाउन सकिन्छ । यो काम कहिलेवाट हुन्छ । कस्तो सरकारको पालामा हुन्छ । जाहानिया भनिएको शासनदेखि गणतन्त्र व्यावस्था आईसक्दा पनि हुन सकेको छैन । कुन व्यावस्था आएपछि हुन्छ । यो पढेर ख्याल गर्ने होइन इमानदार बनेर नेपाल र नेपालीको पक्षमा हुनेगरी एउटा मात्र पनि गाडी उद्योग खोलेर चलाउने र विदेशमा जाने वेरोजगार नेपालीलाई याही रोजगार दिने त्यही गाडी बेचेर पैशा कमाउने काम नेपालीले गर्दा हुदैन । सधै विदेशी ब्राण्डको प्रचार नेपालीले शो गरेर के पाउने हो ? देशको धनराशी बाहिर जाने मात्र हो । सोच्नु पर्दैन ?

# प्रधानमन्त्रीको भाषण र मेयर को स्टाटस



बालकृष्ण मैनाली

यो भाद्र महिनाको गतहप्ताहरुमा केही खबर खबरबजारमा राम्रैसँग गर्माए । तीमध्ये दुईवटा अभिव्यक्तिका खबरहरुले विशेष स्थान ग्रहण गरे । पहिलो वर्तमान प्रधानमन्त्रीका अभिव्यक्ति । उनले आफ्नो भाषणको क्रममा एक लाख मान्छे सडकमा उतार्ने कुरा व्यक्त गरे । त्यसै गरी अर्का काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साहले सिंहदरबारमा आगो लगाइदिने अभिव्यक्ति दिए । यी उल्लिखित दुवै अभिव्यक्तिहरुलाई साँचो अर्थमा जनजनले बहिष्कार र तिरष्कार दुवै गरे । आजको दिनसम्म आइपुग्दा प्रधानमन्त्रीको एकलाखे जनता सडकमा उतार्ने भाषण अलि ओझेलमा परेको छ भने मेयर स्टाटसको हंगामा जारी नै छ ।

जनजन राज्य सञ्चालन गर्ने व्यक्तिहरु देखेर वाक्कदिक्क भएका छन् । प्रधानमन्त्रीको पद भनेको केही हजार वा लाख जनताको होइन, चाहे पनि नचाहे पनि त्यो पदलाई सबै जनताले सम्मान गरेपछि पुग-नपुग तीन करोड नेपालीको पद हो त्यो । जनजनले प्रश्न उठाउन थालेका छन्- एक लाख जनता सडकमा कसको विरुद्ध उतार्नुपर्ने हो ? जनताका विरुद्ध जनता उतार्ने हो कि आफ्नै सरकारको विरुद्ध जनता उतार्ने हो ।

होइन, यी बाहेक भ्रष्टाचारका विरुद्ध जनता उतार्ने हो भने सरकार प्रमुख आफैँ भएको अवस्थामा भ्रष्टाचार नियन्त्रण गर्न असफल भएको सिद्ध हुन्छ । हुन पनि अन्तरात्माले चाहेर वा जनताको मत आकर्षित गर्न केही भ्रष्टाचार र बेथितिका विरुद्ध अगाडि बढेको देखिए तापनि त्यसले राम्रैसँग गति समाउनेमा जनजन अझै विश्वस्त हुन सकेका छैनन् । पछिल्लो ललिता जग्गा प्रकरणमा प्रधानमन्त्रीले पूर्वप्रधानमन्त्री माधवकुमार नेपाललाई निर्दोष करार गरेर वक्तव्य नै जारी गरदिए । पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको हकमा उनी न्यायाधीश पनि बनिदिए ।

सीआईबीले माधवकुमार नेपालको भरमा मात्रै गएर बयान लिएका थिएनन्, उनकै सहपाठी अर्का पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईको घरमा गएर पनि बयान लिएको थियो । उनीचाहिँ दोषी देखिएनन् ? त्यो बारेमा उनी चुइँक्क पनि बोलेनन् । सरकार जोगाउन र प्रधानमन्त्रीको पदमा रहिरहन मात्र यो एकपक्षीय न्यायाधीश बन्न पुगेका हुन् । यदि माधव नेपालको सट्टा बाबुरामको कारण उनको सत्ता अलि लम्बिने सम्भावना हुन्थ्यो भने बाबुरामकै पक्षमा उनी न्यायाधीश बन्थे भन्ने कुरा प्रस्ट छ र यो कुरालाई बाबुरामले सीआईबीको छानबिनबारे एउटा सञ्चारमाध्यमलाई दिएको अन्तर्वार्तामा संकेत गरेका छन् । यस अर्थमा पनि प्रधानमन्त्रीले भन्दै आएको राज्यको सुशासनको अवधारणा वा मोडेल कस्तो रहेछ भन्ने प्रमाणित हुन्छ । नक्कली शरणार्थी बनाएर अमेरिका पठाउने धन्दामा केही प्रभावशाली व्यक्तिहरु थुनामा परेपश्चात् गृहमन्त्री फेर्ने कसरत भैरहेको समाचारहरु पनि प्रवाहित भैरहेका छन् ।

अर्को भाइरल समाचार भनेको काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साहले आफ्नो फेसबुकमा लेखेको स्टाटस हो । उनको त्यो स्टाटसमा समर्थन र विरोध आ-आफ्नो तर्फबाट अझै पनि जारी रहेको छ । यो विषयलाई लिएर एकातिर सिंहदरबारमा आगो लगाउने उनको स्टाटसलाई तत्काल उठेको रिसलाई प्रतिनिधित्व गरेको हो भन्नेमा परेको मतलाई पनि ध्यान दिनु आवश्यक छ भने अर्कोतिर एउटा स्थानीय सरकारको प्रमुखले कसैले जानी वा नजानी कहीँ कतै त्रुटि गरेको भए तापनि तत्काल उठेको आवेशलाई नियन्त्रण गर्न नसक्नु उनको कमजोरी हो भन्नेमा परेको मतलाई पनि उत्तिकै ध्यान दिनुपर्ने हुन्छ । वास्तविक कुराचाहिँ कसैले कसैलाई उत्तेजित बनाउन रणनीतिक रुपले यो घटना घटाएको जनजनले विश्वास गरिहालेका छैनन् । मेयरकी पत्नीले आफूले जन्म दिएको बच्चालाई हेरेर आफूले आफ्नो सन्तानप्रति निभाउनुपर्ने भूमिका र कर्तव्य निभाएर फर्किने क्रममा उनी चढेको गाडीलाई प्रहरीले चेकजाँच गरेको विषयलाई लिएर उनले नसुहाउँदो स्टाटस प्रेषित गर्न पुगे । प्रहरीले कसैको पनि गाडी जाँच गर्न नपाउने भन्ने हुँदैन तर माथिको दबाबहरुले गर्दा कतिपय अवस्थामा जाँच नगर्नुपर्नेलाई जाँच गर्ने र जाँच गर्नुपर्नेलाई जाँच नगर्ने कार्य हुनु बेग्लै कुरा हो । यसरी जाँच गरेकै विषयलाई लिएर आजलाई भैगो अर्कोपल्ट महानगरको गाडी जाँच गरे सिंहदरबारमा आगो लगाउने कुरा व्यक्त गर्नु र स्थानीय सरकारको प्रमुखले केन्द्रीय सरकारलाई चोर सरकार भन्नु सुहाउँदो विषय पक्कै होइन । हो, यो कुरो पक्कै कुनै पनि दलका सरकारले जनताको वास्तविक समस्या यथार्थपरकरुपमा सम्बोधन गर्न सकेका छैनन् । त्यो उनीहरुको मात्र दोष होइन, त्यसमा हामहरुको पनि दोष हो, किनकि यिनीहरुले सम्बोधन गर्न सक्दैनन् भन्ने थाहा हुँदाहुँदै पनि पटक-पटक उनीहरुलाई नै सत्ताको चाबी बुझाउने हामी पनि उत्तिकै दोषीका भागिदार छौं ।

सबै स्थानीय सरकारहरु केन्द्रीय सरकारको मातहतमा नरहे पनि केन्द्रीय सरकारको नीति र निर्देशन मान्नु स्थानीय सरकारको कर्तव्यभित्र पर्छ । गाडी जाँचको प्रसंगमा यदि ट्राफिक प्रहरीले गलतै गरेको रहेछ भने पनि त्यो विषयलाई लिएर कुनै निकायमा आगो लगाउने कुराको स्थानीय सरकारको प्रमुखलाई सुहाउने विषय हुँदै होइन । यो विषयलाई लिएर महानगरपालिकाको प्रेस वक्तव्य नै आयो तर त्यो प्रेस वक्तव्यमा बालेन साहले उक्त स्टाटस राखेको विषयमा कुनै कुरा उल्लेख भएको पाइँदैन । यस मानेमा त्यो विज्ञप्ति पनि अपूरो र अधुरो रहेको जनजनको बुझाइ छ । यो स्क्यान्डलपछि मेयरले आफ्नो स्टाटस हटाएको र मेयरको गाडी रोकेर चेक गर्ने प्रहरीकी आमा मेयरको घरमै पुगेर आफ्नो छोराले दुःख दिने नियत राखेर गाडी चेक नभएको कुरा बताइन् भन्ने सामाजिक सञ्जालमा समाचार सार्वजनिक गरिएको छ । जे होस्, यसबारेमा वास्तविकता पत्रकार सम्मेलन नै गरेर मेयरले स्पष्ट पार्नुपर्ने र गल्ती महसुस भएको सोही सम्मेलनबाट माफी पनि माग्दा उनको साख अझ उचो रहने कुरामा धेरै जनजन विश्वस्त छन् ।

धेरै वर्षदेखि उपचारविहीन राजनीतिका कारण दुःखमा पीडित बनिरहेका जनजनमाथि पुनः यो वा त्यो नामको राजनीतिक दुष्कृति र पीडाहरुले थप घर गर्दै लगिरहेको अनुभूति हुन थालेको छ । धेरै वर्षदेखि जटिल खालका राजनीतिक रोगहरुले आक्रमण गर्दै आइरहेको हाम्रो देशले कहिले काँचुली फेर्ने हो ? यसको कुनै टुंगो छैन । स्थानिय निर्वाचन र संघीय निर्वाचन सफल भए तापनि यसले देशमा रहेको बेथितिलाई टुंग्याउने जमर्को गर्नै सकेको छैन । निर्वाचन अवधिमा भएका र गरिएका प्रचारप्रसारलाई हेर्दा र अनुभूति गर्दा प्रत्येक उम्मेदवारहरुका भनाइ कसैको भन्दा कसैको पनि कम थिएन । विडम्बना, निर्वाचनताका चुलिएको चर्चा र निर्वाचनपश्चात् विजयी हुन पुगेका तिनै उम्मेदवारहरुको चर्चामा अहिले व्यापक फरकपनबाट चर्चाहरु चल्न थालेका छन् । त्यो बेला चुलिएका चर्चाहरु वर्तमानमा आएर छोटो अपवादबाहेक नकारात्मक आलोचनामार्फत टीकाटिप्पणी हुन थालेका छन् ।

संघीय निर्वाचनको परिणामपश्चात् गठन भएको सरकारभित्र अझै पनि गुट-उपगुटको चलखेल भूमिका र भाग तानातानको माहौल कायमै रहेको देखिएको छ । एकले अर्कोसँग वार्ता गर्ने, वार्ता गोप्य राख्ने वा सकेसम्म सार्वजनिक नगर्ने, गरिहाल्नुपरे मिथ्या कुरा सार्वजनिक गर्ने परिपाटीलाई जनजनले राम्रैसँग बुझेका छन् । यस मानेमा देशमा बलियो सरकारको परिकल्पनाले मूर्तरुप लिने अवस्था देखिँदैन । वर्तमानमा देखिएको ध्रुव विपरीतका कथित दलीय एकताको गठबन्धन कुनै पनि वेला टुट्न सक्ने अवस्थामा पुगेको जानकारहरु बताउँछन् । दशकौंदेखि सत्ताको स्वाद चाखेकाहरुले सत्ताबाट हट्नुपरेको पीडा एकातिर छ भने अहिले बनेको सरकारका केही नयाँ र पुराना अनुहारका मन्त्रीहरुले राम्रै कामको सम्बोधन गर्ने जमर्को गरे पनि त्यसले सार्थकता प्राप्त गर्न नसक्ने पछिल्लो राजनीतिक घटनाले प्रमाणित गरिरहेको छ ।

देशमा बेथिति र विसंगति नभएको क्षेत्र पहिल्याउन गाह्रो भएको छ । अनुशासनहीनताले सीमा नाघिसकेको छ । जनजन हरेक क्षेत्रमा आनन्द प्राप्तिको सट्टा अक्रान्तमा बाँच्न विवश भएका छन् । भ्रष्टाचार अन्त्यको अश्वासन सही अर्थमा कार्यान्वयन हुन गाह्रो हुन पुगेको छ । विकासको मुद्दालाई माध्यम बनाउँदै विभिन्न देशका आ-आफ्ना रुचिहरुलाई प्रयोग गर्ने थलोको रुपमा देश चिनिन थालेको छ । नेतृत्वको दूरदृष्टिको अभावले शहरी क्षेत्रहरुमा हुने सामान्य ट्राफिक नियन्त्रण काबुबाहिरको स्थितिको रुपमा देखा परिरहेको छ । एकातिर भएका सडकको दाँजोमा यातायातका साधनहरुको संख्या अत्यधिक भएको छ, तैपनि कार्यालय आउने-जाने समयमा सार्वजनिक यातायातमा हुने भीडको चापले वृद्धवृद्धा, महिला तथा बालबालिकाको हबिगत हेरी साध्य छैन । देशमा परिवर्तनको संवाहक बनेर विविध सेवामा प्रवेश पाएका केही राष्ट्रसेवकहरु केही महिना वा केही वर्ष थुनामा बसेर करोडौं वा अर्बौं पचाउन पाइन्छ भन्ने मान्यताबाट ग्रसित हुन पुगेका छन् । विश्वका अन्य मुलुकहरुमा अपराध गरेर सजिलोरुपमा लुक्न पाउने अखडाको रुपमा परिचित हुन पुगेको छ हाम्रो देश । आपराधिक मनोवृत्ति भएका व्यक्तिहरुले आफ्नो आपराधिक कार्यको लागि हाम्रो देशलाई सुगम देशको रुपमा लिन थालेका छन् । यी यावत कुराहरुलाई समयमै सम्बोधन कसरी गर्ने भन्ने पिरलोले देश ग्रसित हुन पुगेको निकै समय भइसकेको छ ।

विभिन्न कालखण्ड हुँदै आजको दिनसम्म आइपुग्दा जनजनलाई के स्पष्ट भैसकेको छ भने, देशमा सञ्चालन हुने कुनै पनि नामको शासन व्यवस्था वा शासन पद्धति आफैंमा खराब हुँदै हुँदैन । यदि खराब हुन्छ भने शासन सञ्चालनको लागि जिम्मा पाएका सञ्चालकहरुको मनोवृत्ति । शासन सञ्चालक सक्षम हुन पुगे भने देशलाई कानुनी शासनको माध्यमबाट आफू पनि सम्बोधित हुन्छन् र अरुलाई पनि सम्बोधित गराउँछन् । यस कुरामा विमति छँदै छैन । क्षमता नभएका वा क्षमता भएर पनि कानुनी शासनको माध्यमबाट सत्ता सञ्चालन गर्न इच्छुक नभएका सञ्चालकको हातमा सत्ता पुग्यो भने शासन पद्धतिबारे संविधानमा वा अन्य कानुनहरुको लेखावटमा जतिसुकै अधिकारका वर्णनहरु भए तापनि त्यो वर्णनको कुनै उपादेयता रहनेछैन र त्यसले सार्थकता पनि पाउँदैन भन्ने कुरामा जनजन पूरा विश्वस्त छन् ।

**(लेखक मैनाली अधिवक्ता हुनुहुन्छ ।)**

# पत्रकारिताबाट नयाँ प्रतिभाको खोजिमा गुल्मिका केशब र सुर्खेतका चन्द्र खड्का

काठमाडौं । लगनशीलता, समझदारी, राष्ट्रप्रेम विरलै देख्न पाइने अनमोल संयोजन पत्रकारितामा आफ्नो भबिश्य सुरक्षित गर्न मेनहती रहेका दुई मित्र गुल्मिका केशब र सुर्खेतका चन्द्र एति राम्रो काम गर्दै अध्ययनको शिलसिलामा करिब चार वर्ष अगाडि सपनाको सहर काठमाडौं प्रबेश गरि आफ्नो रुझान्को बिषय जन सञ्चार बुद्धनगरमा अबस्थित कख बअबमझथ मा अध्ययन गर्दा गर्दै अनन्य मित्र बनेका गुल्मी इस्मा गाउँपालिका ६ चौरासी स्थाइ घर भएका र कलाकारितामा रुचि राख्ने केशब पाण्डे र सुर्खेत भेरीगंगा नगरपालिका ३ दुङ्गीखोला स्थाइ घर भएका र बाध्यबाधनमा रुचि भएका चन्द्र खड्का (हाल स्नातक तेश्रो वर्षामा अध्ययनरत) आपसी समझदारी र सिकेको ज्ञान्, सीप ,नजिकैका अग्रजहरुको मार्गनिर्देशनमा थयगतगदभ पत्रकारितामा होमिएका छन् ।

सहपाठी सबै उच्च अध्ययन, सुरक्षित भविष्य तथा उन्नत जीवनशैली आदिको प्रलोभनमा विदेशिने लहडकाबीच देशकै केही गर्न सकिन्छ भन्दै अथक मेहनतको बाटोमा होमिएका उनीहरूले यस भन्दा पहिला विभिन्न टेली सिरियल, चलचित्र,म्युजिक भिडियो , चलचित्र, सट मुभी ,विभिन्न मेला ,महोत्सव लाईभ कार्यक्रम



आदिमा आफ्नो कौशल प्रस्तुत गर्ने गरेका यी युवा जोडीले शुभचिन्तकको सल्लाह,आफ्नो अध्ययनको विषय कलाकारिता फाँटमा देखिएको आवश्यकता आदिलाई मध्यनजर गर्दै आफ्नै युटुब च्यानल चौरासी मीडिया र चन्द्र खड्का युटुब च्यानल मार्फत आफ्ना कार्यक्रम सञ्चालन गर्ने गरेका छन् ।

उनिहरुले अरु युटुब च्यानल सन्चालक हरुले जस्तो बिकृती पत्रकारिता नगरी फोकसमा आउन नसकेका र आफ्नो प्रतिभालाई कुन बाटो दर्शकमाझ ल्याउने भनी अलमलिएका नवप्रतिभा र आफ्नो रचनालाई दर्शक श्रोता माझ पुर्याउन खोजिरहेका अग्रज कलाकार हरुलाइ सहज बानाइदिने असल कार्य गरेका छन । यी दुई अनन्य कलाकार मित्र द्वयले हाल सम्म स्थापित लागाएत दर्जनौ साथै नब प्रबेसितर्फ तर्फ पनि दर्जनौ उम्दा प्रतिभा हरुको रचना साथ साथै प्रतिभालाई दर्शक श्रोता माझ साझा गरिसकेका छन् ।

उनीहरुको यस यात्रामा स्थानीय अभिभावक दिलिप खड्का साथै नारायण गौतमको सहयोगी भुमिका रहेको छ र एस च्यानल सन्चालन गर्दा इडिटिङ तथा अब क्यामेरा सन्चालन चन्द्र खड्का र सुटिङ तथा बजार प्रवर्द्धन केशब पाण्डेले गर्ने गरेका छन् । आफ्ना अग्रज तथा सहकर्मीहरु सबैलाई अत्यन्तै श्रद्धा एवं मायाँ गर्ने संस्कारी युवा द्वयले सहयोग गर्ने सबैलाई धन्यवाद पनि दिएका छन् ।

# तालिममा सहभागी पत्रकारहरूलाई प्रमाण–पत्र वितरण कार्यक्रम सम्पन्न

काठमाडौ । नेपालको आन्तरिक तथा बाह्य पर्यटन प्रर्वद्धनमा सञ्चारमाध्यमको भूमिकालाई प्रभावकारी बनाउने तथा पत्रकारहरुको क्षमता अभिवृद्धि गर्ने उद्धेश्यले पत्रकारहरुका लागि आयोजित दुई छुट्टाछुट्टै फोटोपत्रकारिता प्रशिक्षण सम्पन्न भएको छ ।

नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम युएनडिपीद्धारा संयुक्त रुपमा सञ्चालित परियोजना, जिविकोपार्जनका पुनःउत्थानका लागि दिगो पर्यटन परियोजना ९एसटीएलआरपी० को आयोजना तथा नेपाल पोटो पत्रकार समूह, संचारिका समूहसंगको सहकार्य तथा सिटिजन्स मिडियाको प्राविधिक संयोजनमा असार १२ देखि १४ गतेसम्म महिला संचारकर्मीहरुका लागि तथा साउन २ देखि ४ गतेसम्म अन्य संचारकर्मीहरुका लागि पर्यटन फोटो पत्रकारिता प्रशिक्षण आयोजना गरिएको थियो । प्रशिक्षणमा ५५ जना महिला संचारकर्मी तथा ५० जना पुरुष संचारकर्मीहरु गरि जना १ सय ५ जना पत्रकारहरुको सहभागिता रहेको थियो ।

समापनका अवसरमा प्रमाणपत्र वितरण गर्दै नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख तथा परियोजनाका राष्ट्रिय कार्यक्रम निर्देशक डा.धनन्जय रेग्मीले नेपालको आन्तरिक तथा बाह्य पर्यटन प्रर्वद्धनमा सञ्चारमाध्यमको भूमिकालाई प्रभावकारी बनाउने तथा पत्रकारहरुको क्षमता अभिवृद्धि गर्ने उद्धेश्यले तालिम आयोजना गरिएको बताएका थिए । देशको पर्यटनका बारेमा लेखिने सकारात्मक समाचारले देशकै छवि निर्माणमा सहयोग पुगने



उल्लेख गर्दै उहाँले पर्यटन प्रवर्द्धनका लागि संचारकर्मीहरुको भूमिका महत्वपूर्ण हुने भन्दै पत्रकारहरुलाई हौशला प्रदान गरेका थिए ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपीका) पोर्टफेलियो म्यानेजर कल्पना सरकारले युएनडिपीले समावेशीतालाई ध्यान दिंदै विभिन्न तालिम सञ्चालन गरिरहेको सन्दर्भमा पत्रकारहरुका लागि आयोजित यो तालिम महत्वपूर्ण भएको बताउँदै आउदा दिनमा पनि यस खालका तालीमहरुमा सहकार्य गरिने प्रतिवद्धता जनाएकाछन् ।

संचारिका समूहका अध्यक्ष विमला तुम्खेवा, एनएफपीजेका अध्यक्ष प्रदीपराज वन्त,प्रशिक्षक किशोर श्रेष्ठ, जिविकोपार्जनका पुनःउत्थानका लागि दिगो पर्यटन परियोजना (एसटीएलआरपी) का जिवीकोपार्जन विज्ञ धर्म दवाडी, प्रशिक्षार्थीका तर्फबाट राजेन्द्र श्रेष्ठ, शुशीला बस्नेत लगायतले तालिमले पत्रकारहरुको व्यवसायिक क्षमता अभिवृद्धिमा सहयोग पुग्ने बताएकाछन् ।

तालीममा वरिष्ठ फोटोपत्रकार मिनरत्न बजाचार्य, किशोर श्रेष्ठ, राजन काफ्ले तथा फोटोपत्रकार प्रदीप कुमार क्षेष्ठ, सुनिल शर्मा, शुशिल श्रेष्ठ, सुनिल शर्मा, सागर श्रेष्ठ ले क्यामेराको संचालन, फोटोको महत्व, यसका शैद्धान्तिक तथा व्यवहारिक पक्षका विषयमा प्रशिक्षण दिनु भएको थियो । यस्तै नेपाल पर्यटन बोर्डका मिडिया कन्सल्टेन्ट तथा पत्रकारिताका उपप्राध्यापक टी.पी. भुसालले नेपालको समग्र पर्यटन तथा पर्यटन फोटोग्राफिमा तथा फोटोग्राफिमा गोपनीयता लगायत अन्य कानूनी पक्षबारे प्रशिक्षण दिएका थिए ।

*फोटोः प्रदीप कुमार श्रेष्ठ*

# निजामती दिवसको अवसरमा सडक डिभिजन काठमाडौंको बृक्षारोपन

**काठमाडौ** । निजामती सेवा दिवस २०८० को अवसरमा सडक डिभिजन काठमाडौंको परिसरमा बृक्षारोपन भएको छ ।

डिभिजन प्रमुख नारायण प्रसाद निहुरेको अगुवाईमा सबै कर्मचारीहरुको सहभागितामा बृक्षारोपन भएको हो ।

सडक डिभिजन काठमाडौका कर्मचारीहरुले सडक डिभिजन काठमाडौ कार्यालय परिसरमा बिरुवा रोपेका हुन ।

बृक्षा रोपन अभियानमा सहभागी कर्मचारीहरुले कपुर तथा आँपको बिरुवाहरु रोपेका छन् ।

कर्मचारीहरुले निजामती सेवा दिवस २०८० को अवसरमा एक अर्काले शुभकामना आदानप्रदान गरि हर्सोल्लास गरि मनाएका थिए ।

त्यसै कार्यालय प्रमुख समेत रहेका निहुरेले सबै कर्मचारीहरुलाइ २०८० सालको निजामती दिवसको हार्दिक शुभकामना दिएका थिए ।



# रामेछाप डायरी

## निजामति सेवा दिवसका अवसरमा रामेछापमा कर्मचारीहरुबीच फुटबल प्रतियोगिता

निजामति सेवा दिवसका अवसरमा रामेछापमा प्रशासन कर्मचारी र प्राविधिक कर्मचारीबीच मैत्रीपूर्ण फुटबल प्रतियोगिता सम्पन्न भएको छ । कर्मचारी मिलन केन्द्र रामेछापको आयोजना र रामेछाप जिल्ला फुटबल संघको सहजीकरणमा मैत्रीपूर्ण फुटबल खेल सम्पन्न भएको हो ।



रामेछाप जिल्लाकी प्रमुख जिल्ला अधिकारी अनिता निरौलाको नेतृत्वमा जिल्ला भरीका निजामति कर्मचारीको उपस्थितिमा मैत्रीपूर्ण फुटबल प्रतियोगीता सम्पन्न भएको रामेछाप जिल्ला फुटबल संघका अध्यक्ष सुन्दर घिमिरेले जानकारी दिनुभयो ।

'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद' भन्ने नारासहित आयोजित प्रतियोगीतामा प्राविधिक कर्मचारीहरुको समूह प्रथम भएको र प्रशासन कर्मचारीहरुको टिम द्वितीय भएको घिमिरेले जानकारी दिनुभयो ।

'व्यवसायिक सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन' भन्ने नारासहित आज देशैभरी निजामति सेवा दिवस मनाइँदैछ । रामेछापमा जिल्लाका कर्मचारीले फुटबललाई प्राथमिकता दिँदा यो मैत्रीपूर्ण खेल सफलतापूर्वक सम्पन्न भएको जिल्ला फुटबल संघका अध्यक्ष घिमिरेले बताउनुभयो ।

## रामेछापको सुनारपानीमा कमेरो माटोमा पुरिएर ३ जना घाइते



रामेछापको मन्थली नगरपालिका वडा नं ५ सुनारपानीमा माटोको ढिस्कोले पुरिएर ३ जना घाइते भएका छन । बिहिबार(आज) सोही वडाको साखापानी भन्ने ठाउँमा कमेरो माटो खन्ने क्रममा ३ जना पुरिएका हुन ।

तल्लो सुनारपानीका आन्दाजी वर्ष ७० का कृष्ण सार्की,वर्ष ३० का कृष्ण बसेल र वर्ष ५५ का आईते सार्की घाईते भएका हुन ।

घाईतेहरुलाई स्थानियले उद्धार गरी मन्थली अस्पताल लगेको र उनिहरुको त्यहाँ उपचार भैरहेको वडाअध्यक्ष नविन कार्की(रविन) ले जानकारी दिनुभयो ।

दशैं नजिकिएसँगै घर लिपपोत गर्नका लागी माटो लिन गएका उनिहरु माटो खन्ने क्रममा ढिस्को झरेर पुरिएका हुन ।

## रामेछाप स्थित तामाकोसी नदीमा महिलाको शव फेला



रामेछाप सदरमुकाम मन्थली स्थित तामाकोसी नदीको किनारामा एक महिलाको शव फेला परेको छ । मंगलबार(आज) मन्थली नगरपालिका वडा नं.११ स्थित तामाकोशी नदीको किनारमा महिलाको शव फेला परेको हो ।

नामथर,वतन नखुलेको अन्दाजी ६० वर्षकी महिलाको शव नदीको किनारमा घोप्टो परेको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय रामेछापले जानकारी दिएको छ ।

प्रहरी कार्यालय रामेछापबाट प्रहरी नायब उपरीक्षक होम बहादुर पराजुलीको कमाण्डमा ५ जना प्रहरीको टोली घटनास्थल पुगेर मुचुल्कापश्चात शव पोष्ट्मार्टमका लागि मन्थली अस्पतालको शव गृहमा राखिएको प्रहरीले जानकारी दिएको छ ।

# ज्योति क्यापिटल लिमिटेडको प्रथम वार्षिक साधारण सभा सम्पन्न

**काठमाडौं ।** ज्योति क्यापिटल लिमिटेडको प्रथम वार्षिक साधारणसभा संचालक समितिका अध्यक्ष कपिल ढकालको अध्यक्षतामा मिति २०८० भाद्र २१ गते ज्योति विकास बैंक लि. को केन्द्रीय कार्यालय, कमल पोखरी, काठमाडौंको सभाहलमा सम्पन्न भएको छ ।



उक्त सभाले सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको १०.५२६३ प्रतिशतका दरले हुन आउने लाभांश कर सहित रु.२,२१,०५,२३०/- (अक्षरेपी दुई करोड एक्काइस लाख पाँच हजार दुई सय तीस मात्र ) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ ।

सभाले ज्योति विकास बैंक वाहेकका संस्थापक समूहको शेयर धनीहरुको तर्फबाट संञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदमा अविनास उप्रेतीलाई निर्विरोध निर्वाचित समेत गरेको छ । ज्योति विकास बैंकको सहायक कम्पनीका रूपमा रहेका यस क्यापिटलको चुक्ता पूँजी २१ करोड रहेको छ ।

कारोवार संचालनको अनुमति पाएको ३ महिना भन्दा कम समयमा नै यस क्यापिटलले रु.६३.५९ लाखको आयकर तथा रु.३.७२ लाख बराबर अन्य कर गरी जम्मा रु.६७.३१ लाख कर मार्फत राज्यको समृद्धिमा योगदान पुऱ्याएको छ । हरेक ग्राहकहरुको सम्पन्नताको सहयात्री बन्ने उद्देश्य वोकेको यस क्यापिटलले नेपाल धितोपत्र बोर्डमा मर्चेन्ट बैंकिङ्ग कार्य गर्न अनुमतिको लागि आवेदन गरी धितोपत्र बोर्डबाट पूर्वाधार तयार गर्ने पत्र प्राप्त गरी लगानी व्यवस्थापन, संस्थागत परामर्श लगायतका सेवा प्रदान गर्ने गरी पूर्ण संचालनमा आउने क्रममा रहेको छ ।

# "आइएमई पे " मार्फत पानी र इन्टरनेट भुक्तानीमा बिशेष छुट

काठमाडौं – नेपालको पहिलो डिजिटल वालेट आइएमई पे ले हालै सार्वजनिक गरेको 'Wicket to Win'' नामक अभियान अन्तर्गत अर्को नयाँ अफर सार्वजनिक गरेको छ ।




भदौ १९ देखी असोज १८ सम्म चल्ने सो अफर अन्तर्गत सेवाग्राहीले आफ्नो इन्टरनेट तथा पानीको बिल भुक्तानी आइएमई पे मार्फत गर्दा रु १०० सम्म छुट प्राप्त गर्न सक्नेछन् । सो छुट प्राप्त गर्नको लागि, सेवाग्राहीले पानीको बिल भुक्तानी गर्ने क्रममा 'WATER' प्रोमो कोड राख्न पर्ने छ भने इन्टरनेटको बिल भुक्तानी क्रममा 'INTERNET' प्रोमो कोड राख्नु पर्ने छ ।

अफर अन्तर्गत सेवाग्राहीले पानी को प्रोमो कोड अफर अन्तराल भरी जती चोटि पनि प्रयोग गर्न सक्नेछन् भने इन्टरनेटको प्रोमो कोड भने अफर अन्तराल भरी एक जना ग्राहकले एक चोटि मात्र प्रयोग गर्न पाउनु हुनेछ । आइएमई पे ले ग्राहकहरूको सुविधाको लागि सुरक्षित तथा नव प्रवद्धिधत सेवाहरूको माध्यमबाट क्यास लेस सोसाइटी निर्माणमा थप प्रोत्साहन गर्नमा अग्रणी भूमिका निर्वाह गरेको छ ।

# सनराइज् क्यापिटलको शैक्षिक पहल: नेपालको पूँजीबजारमा युवा सशक्तिकरण

**काठमाडौं–** सनराइज क्यापिटल लिमिटेड, लक्ष्मी सनराइज बैंक लिमिटेडको पूर्ण स्वामित्वमा रहेको सहायक कम्पनीले हालै आकांक्षी युवा लक्षित तथा स्नातक बिद्यार्थीहरूलाई वर्गमा पूँजीबजार लगानी सम्बन्धी चेतना र ज्ञान अभिवृद्धि गर्न समर्पित आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व-Corporate Social Responsibility (CSR) अन्तर्गत एक महत्वाकांक्षी शैक्षिक पहल अनावरण गरेको छ ।

देश भरीका विद्यार्थी वर्गम लक्षित गरि नेपालका प्रत्येक प्रदेशमा यस साक्षरता अभियान पुऱ्याउन, व्यक्ति र संस्था दुवैलाई सशक्तिकरण गर्न, तिनीहरूलाई वत्तीय साक्षरताको संस्कृतिको पालन पोषण गर्दै व्यक्ति र संस्थादुवैलाई सशक्त बनाउने, आफ्नो केन्द्रीय उद्देश्यका साथ, सनराइज क्यापिटलले सन्तोषी टोलमा अवस्थित धनगढी प्रदेश - ७ सुदूर पश्चिमाञ्चल एकेडेमी (एसपीए कलेज) मा लगानी कर्ता जागरूकता कार्यक्रम सम्पन्न गरेको छ । यस कार्यक्रममा २०० भन्दा बढी उत्साही विद्यार्थी र संकायहरूले भाग लिएका थिए जसले कार्यक्रम सत्रहरूमा अत्यधिक अन्तरक्रियात्मक र सहयोगी थिए । सनराइज क्यापिटल लिमिटेडका इन्भेष्टमेन्ट बैंकिङका विभागिय प्रमुख बिनोद आलेले पूँजी बजारका विभिन्न कार्यात्मक पक्षहरू जस्तै डिम्याट खाता र यसको सञ्चालन, पोर्टफोलियो व्यवस्थापन, म्युचुअल फण्ड, सल्लाहकार सेवा, SIP लगानी र धेरै आधारभूत आवश्यक विषयहरूमा विस्तृत अन्तर्दृष्टि प्रदान गर्नुभयो । उनीहरूको प्रोत्साहनको लागि महत्त्वपूर्ण छ। बीटा एनालिटिक्स प्रा.का विक्रम चित्रकार र सञ्जीव घिमिरेद्वारा आयोजित तथ्यात्मक तथ्याङ्क युक्त प्रशिक्षण सत्र मार्फत कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको थियो ।

बीटा एनालिटिक्स प्रालिका बिक्रम चित्रकार र सञ्जीव घिमिरेद्वारा आयोजित तथ्यात्मक तथ्याङ्क युक्त प्रशिक्षण सत्र मार्फत कार्यक्रम सफलता पूर्वक सम्पन्न भएको छ । विद्यार्थी र युवा व्यक्तिहरूलाई उनीहरूको प्रश्नहरूको पर्याप्त रूपमा सम्बोधन गर्न र पूँजीबजारमा निहित विभिन्न अवसरहरू र जटिलताहरूको बारेमा जानकारी गराउन शिक्षित र प्रबुद्ध बनाउन कार्यक्रमलाई सावधानी पूर्वक तयार गरिएको हो । सनराइज क्यापिटलले यस्तै शिक्षा सञ्चालनमा निरन्तर लागि रहेको घोषणा गर्दै कार्यक्रमको समापन भयो ।

# एन आई सी एशिया बैंकको नयाँ अफर सार्वजनिक




**काठमाडा–** डिजिटल बैंकिङ्गमा मुलुकको अग्रणी स्थानमा रही सहज बैंकिङ्ग सेवा तथा सुविधा प्रदान गर्दै आइरहेको यस एनआई सी एशिया बैंकले connectIPS सँगको सहकार्यमा आफ्ना मोवाइल बैंकिङ्ग MoBank) ग्राहक महानुभावहरुका लागि "Fund Transfer df"अफर सार्वजनिक गरेको छ ।

सो अफर अन्तर्गत हरेक हप्ता एक जना भाग्यशाली मोवाइल बैकिङ्ग ग्राहक महानुभावले यस बैंकको मोबाइल बैकिङ्ग (Mobile Phone )एप प्रयोग गरी अयललभअतक्षएक मार्फत Fund Transfer गर्दा १थान स्मार्टफोन जित्न भाद्र १७, २०८० गतेदेखि असोज २०, २०८० गते सम्म लागुहुने उक्त अफर अन्तर्गत एक जना ग्राहक महानुभावलाई हप्ता सकिएपछि (आइतबारदेखि शनिबारको अवधिलाई एक हप्ता मानिने छ)'लक्की ड्र'मार्फत विजेता घोषणा गरिनेछ र उक्त विजेताको जानकारी एनआई सी एशिया बैंकको आधिकारिक सामाजिक सञ्जालहरु मार्फत सार्वजनिक गरिनेछ । Fund Transfer गर्न आफ्नो मोवाइल बैंकिङ्ग सेवा MoBank एपमा login गरी मोबाइल स्क्रिनको तल्लो भागमा रहेकों Fund Transfer MoBank) गरेरOther Banks Using ConnectIPS छनौट गर्नुपर्छ । यसरी ँund Transfer गर्दा connectIPS मा छुट्टै दर्ता गर्न आवश्यक पर्दैन Fund Transfer तथा विभिन्न भुक्तानीका निम्ती मोबाइल बैकिङ्गको बढ्दो प्रयोग र लोकप्रियतालाई यस अफरले थप प्रर्वद्धन गर्ने विश्वास बैंकले लिएको छ । हाल २४ लाखभन्दा बढि मोवाइल बैंकिङ् गग्राहक महानुभावहरुले MoBank एप प्रयोग गरिरहनु भएको छ भने मोवाइल बैकिङ्गमा रहेको connectIPS मार्फत प्रतिदिन प्रति कारोबार रु. ३ लाख रुपैयाँसम्म Transfer गर्न सकिन्छ ।

# अर्थ संसार

## महालक्ष्मी विकास बैंक लिमिटेडका ग्राहकहरुलाई विभिन्न संस्थाका सेवाहरुमा विशेष छुट

काठमाडौं । "सबल बैंक, सफल सहकार्य" को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा विगत २९ वर्षदेखि अनवरत रुपले गुणस्तरिय वित्तीय सेवा प्रदान गर्दै आएको यस महालक्ष्मी विकास बैंक लिमिटेडले स्वास्थ्य, श्रृगार, होटल तथा रेष्टुरेन्ट क्षेत्रका संस्थासँग समन्वय गरी अगाडि बढ्ने अभिप्रायका साथ विभिन्न स्थानमा अवस्थित संस्थाहरुसँग सम्झौता गरेको छ ।



सम्झौता पश्चात महालक्ष्मी विकास बैंकका डेविट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग प्रयोग गर्ने ग्राहकहरुले उक्त संस्थाहरुका विभिन्न सेवाहरुमा विशेष छुट प्राप्त गर्न सक्नेछन् ।

## एभरेष्ट बैंकद्वारा मानव सेवा आश्रमलाई आर्थिक सहयोग

काठमाडौ । एभरेष्ट बैंक लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत शिक्षा, स्वास्थ, दैवी प्रकोप व्यवस्थापन, वातावरण संरक्षण, संस्कृतिक प्रवर्द्धन, दर्गम क्षेत्रमा पूवाधार सुधार, सामाजिक रुपले पिछडिएका वर्गको आय आर्जन, वित्तीय साक्षरता, ग्राहक संरक्षण सम्बन्धी कार्यक्रम तथा विभिन्न परोपकारी कार्य गर्दै आईरहेको छ ।

बैंकले हालै गोरखामा रहेको मानव सेवा आश्रम गोरखालाई रु. ५००,०००।- आर्थिक सहयोग गरेको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले सो आश्रमका गण्डकी प्रदेशका संयोजक मुना लामालाई उक्त रकम बराबरको चेक हस्तान्तरण गरेका हुन् ।



उक्त कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत खालिङले बैंकको सहयोगबाट आश्रममा आश्रित बेसहारा, असहाय, अशक्त, अभिभावक विहीन, शारिरीक तथा मानसिकरुपमा अति कमजोर सडक आश्रित मानवहरुको उद्धार, उपचार, संरक्षण र पालनपोषणमा थप टेवा पुग्ने कुरा उल्लेख गरेका थिए । खालिङले, यस्ता निःश्वार्थ भावनाले मनैछुने तथा परोपकारी कार्य गर्ने संघ संस्थाहरु संग भविष्यमा समेत हातेमालो गर्दै अगाडी बढिरहने प्रतिबद्दता व्यक्त गरेका थिए । साथै आश्रमका गण्डकी प्रदेशका संयोजक मुना लामाले एभरेष्ट बैंकको यो सहयोगले आश्रममा आश्रित सम्पूर्ण मानवहरुले अझ सुलभ सेवा लाभ लिन सक्ने कुरा उल्लेख गर्नुका साथै बैंक प्रति कृतज्ञता समेत प्रकट गरेकी थिइन् ।

कार्यक्रममा बैंकका तर्फबाट बजार तथा संस्थागत निक्षेप विभाग प्रमुख पुष्प राज उप्रेती, बैंकका गण्डकी प्रदेशका प्रादेशिक प्रबन्धक सुधिर गौतम, बैंकका गोरखा शाखाका शाखा प्रबन्धक सन्दिप खत्री र आश्रमका संयोजक इश्वर काजी मास्केको समेत उपस्थिति रहेको थियो ।

स्थापना काल देखिनै ग्राहकहरुको पहिलो रोजाइको यस बैंकमा हालसम्म करिब १३ लाख भन्दा बढी सन्तुष्ट ग्राहकहरु रहेका छन् तथा देशैभरि छरिएर रहेको आफ्नो १२७ शाखा संजाल, ३ एक्सटेन्सन काउण्टर, ७ प्रादेशिक कार्यालय, १६२ ब्त् सहित विश्वव्यापी नेटवर्कबाट अत्याधुनिक मोबाइल, इन्टरनेट र क्ःक् बैकिंग सुबिधा प्रदान गर्दै आइरहेको छ । यस बैंकले नेपाल सरकारको राजस्व संकलनको लागि ३२ वटा संकलन केन्द्रबाट समेत सेवा दिदै आइरहेको बैकले जानकारी गराउदै आएको छ ।

# कान्ति अस्पताल बालिका मृत्यु प्रकरणबारे सांसदहरूले प्रश्न उठाउँदै





**काठमाडौं –** कान्ति बाल अस्पतालमा उपचार नपाएर एक बालिकाको मृत्यु भएको विषयमा प्रतिनिधिसभामा सांसदहरूले प्रश्न उठाउँदै सरकारको जवाफ मागेका छन् ।

उपचारका लागि लगिएकी बालिका रेजिशा गोपालीको सोमबार निधन भएको थियो । बिरामी भएर छट्पटाइरहेकी बालिकालाई दुई घण्टासम्म चिकित्सकले नहेर्दा उनको इमर्जेन्सी कक्षमै निधन भएको थियो ।

सत्तारुढ दल कांग्रेसका सांसद गगन थापाले के कारणले बालिकाले उपचार नपाएर मृत्यु भएको हो भन्नेबारे सरकारको जवाफ मागेका छन् । उनले यस्तो अवस्था किन आयो र अस्पतालको व्यवस्थापनबारे पनि सोधपुछ गर्नुपर्ने बताए ।

त्यस्तै एमालेका सचेतक महेश बर्तौलाले यस घटनाबारे स्वास्थ्यमन्त्रीले जवाफ दिनुपर्ने माग गरेका छन् ।उनले यो घटनामा संलग्नमाथि कारवाही र पीडितलाई न्याय दिनुपर्ने माग गरे ।

त्यस्तै रास्वपाकी सांसद चन्दा कार्कीले यो घटना लज्जास्पद रहेकले यसमा दोषीहरूलाई कारबाहीको माग गरेका छन् । उनले अस्पतालमा पर्याप्त चिकित्सकहरू नहुँदा उपचार नपाउने अवस्था आएको बताइन् । उनले चिकित्सकहरूको पर्याप्त व्यवस्था गर्न माग गरिन् ।

# नेपाल आँखा अस्पताल त्रिपुरेश्वरको सहयोगमामा चारसय पचास जनलाई निःशुल्क आँखा परिक्षण तथा औषधि वितरण कार्यक्रम सम्पन्न



**काठमाडौं –** ब्यवसाय संगै समाजसेवा भन्ने मान्यतालाई आत्मसाथ गर्दै नेपाल आँखा अस्पताल त्रिपुरेश्वर र ग्रील तथा स्टील ब्यवसायी महासंघ नेपालको सहकार्यमा ग्रील तथा स्टील ब्यवसायी संघ काठमाडौंको आयोजनामा र काठमाडौं पश्चिमक्षेत्र तथा सो अन्तर्गत रहेका ५ वटा इकाईको सकृय सहभागितामा बृहत निःशुल्क आँखा शिविर सम्पन्न भएको छ ।

ग्रील तथा स्टील ब्यवसायी महासंघले समन्वय गरेको यस कार्यक्रममा नेपाल आँखा अस्पताल त्रिपुरेश्वरको तर्फबाट अरुण प्रसाद ढुंगानाको नेतृत्वमा,राम के.सी. ,सल्मान खान,तृष्णा थापा,सुलोचना सेडाइ,सन्जिता गुरुङ,सुजना लामिछाने,सरिस्मा चौधरी , सोनु , सोफिया,सुदिप लगायतको टिमले करिब ४५० जनाको आँखा जाँच गरेको थियो ।

जोखिम पुर्ण ब्यवसायको रुपमा रहेको ग्रील तथा स्टील ब्यवसायमा आबद्ध ब्यवसायी तथा कर्मचारीहरुको समय समयमा आँखा जाँच गराउन सल्लाह दिदै अस्पताल टिमले आवश्यकता अनुसार सामान्य प्रकृतिका औषधिहरु निशुल्क उपलब्ध गराएको थियो ।

तिन चरणमा गरिएको आँखा जाँचको क्रममा आँखाको हेरचाह र जोखिम न्युनिकरण सम्बन्धि परामर्श समेत दिईएको थियो भने कर्मचारीको हकमा अस्पतालले मोतिबिन्दुको अप्रेसन निशुल्क गराउन सक्ने तथा अन्यको हकमा न्युन शुल्कमा सेवादिन अस्पताल सकारात्मक रहेको उपचारमा संलग्न अस्पताल टिमले जानकारी गराएको छ ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि महासंघका अध्यक्ष ठुलोबाबु श्रेष्ठले महासंघले आम ब्यवसायीको हितको लागि नीतिगत पहल गर्न सरकारका बिभिन्न मन्त्रालय र बिभागहरुको ढोका ढक्ढक्याउने काम गरिरहेकोले आम ब्यवसायीहरुलाई ढुक्क भएर आफ्नो ब्यवसाय सन्चालन गर्दा कुनै अप्ठ्यारो परेमा आफुलाई सम्झन अग्रह गरेका थिए।

ग्रील तथा स्टील ब्यवसायी महासंघ नेपालका अध्यक्ष ठुलो बाबु श्रेष्ठको प्रमुख आतिथ्यता र ग्रील तथा स्टील ब्यवसायी संघ काठमाडौंका अध्यक्ष सुनिल कुमार अमात्यको सभापतित्व ग्रील तथा स्टील ब्यवसायी संघ काठमाडौं,पश्चिमक्षेत्र अन्तर्गत बालाजु,खुसीबुँ,चःमती,ढल्को इकाईसमितिको भवन वनस्थली ,चःमतीमा आँखा शिविर सम्पन्न भएको हो ।

## खेलकुद

# नेपाली रेस्लिङ्ग खेलाडिहरूले इतिहास रच्न सफल

**जापान–** जापानी रेस्लरसंग भिडन्त गरेर नेपाली रेस्लिङ्ग खेलाडिहरुले इतिहास रच्न सफल भएका छन ।

दोतोन्बोरी प्रोरेस्लीङ्ग र गौरआवसीय नेपाली संघ एनआरएनए कान्साईको संयुक्त आयोजनामा अन्तर्राष्ट्रिय स्तरको प्रोरेस्लिङ्ग खेल जापानको ओसाकामा सम्पन्न खेलमा,पुरुष तर्फ़ हिमालयन टाईगरको नामले चिनीने भरत बहादुर बिसुराल(हिमालयन टाइगर) र जापानी रेस्लर



हिरोआकी बीचको रेस्लिङ्ग खेल भएको थियो ।

त्यस्तै,नेपाली महिला रेस्लर अस्मिता जुरेलीको जापानी रेस्लर योकोतासंग भिडन्त परेको थियो भने भगवती खड़का यूनिका संग हानाजोनोको भिड़न्त परेको थियो ।

दोतोन्बोरी प्रोरेस्लीङ्गको दशौं बार्षिकोत्सवको अवसर पारेर सो मैत्रिपूर्ण खेल आयोजना गरिएको थियो। नेपालको संस्कृती र पर्यटनलाई संसारभर चिनाउनको निम्ती खेलले टेवा पुर्याउने आशा लिएको आयोजक टोलीका सदस्य एवं एनआरएनए कान्साईका पूर्व संयोजक नारायण स्टेभेन्सले बताए ।

प्रोरेस्लिङ्ग भिडन्त नेपालको पहिलो रेस्लर भरत बहादुर बिसुराल(हिमालयन टाइगर), नेपालको पहिलो महिला रेस्लर खेलाडी भगवती खड्का युनिका, चर्चित रेस्लर खेलाडी अस्मिता जुरेली र जापना खेलाडिहरु कोगेर, सुपर डल्फीन, हारुतोकी योतो किकुची तथा जागौर याकातोले खेल प्रर्दशन गरेका थिए ।

# थाइल्याण्डसँग नेपाल पराजित

काठमाडौं । नेपाल आइसिसी महिला टी-२० विश्वकप एसिया क्षेत्र छनोटको सेमिफाइनल खेलमा थाइल्याण्डसँग ४६ रनले पराजित भएको छ । पराजित भएसँगै नेपाल प्रतियोगिताबाट बाहिरिएको छ । पराजित भएसँगै नेपाल सन् २०२४ मा हुने ग्लोबल टी-२० छनोटमा पुग्नसमेत असफल भएको छ ।

जितको लागि १०६ रनको विजयी लक्ष्य पछ्याएको नेपालले खराब प्रदर्शन गर्दै १९.३ ओभरमा सबै विकेट गुमाएर ५९ रनमात्रै बनाउँन सक्यो । नेपालको लागि कविता कुँवरले २० बलमा २ चौकासहित १७ रन बनायो । यस्तै कविता जोशी र अप्सरी बेगमले समान १०-१० रन बनाए । नेपालको सुरुवात राम्रो रहेन । ओपनर काजोल श्रेष्ठलाई तेस्रो बलमै शून्यमा आउट गरे दोस्रो ओभरमा थिपाचा पुथावोङले इन्दु बर्मा र रुविना क्षेत्रीलाई आउट गराउनुभएपछि नेपाल संकटमा परेको थियो । इन्दु बर्मा तीन रन र कप्तान रुविना क्षेत्री शून्यमा एलबीडब्लू आउट भएका थिए ।

पाँचौं ओभरमा फनिता मायाको बलमा सीता रानामगर एज लागेर विकेटकिपर सुवानाबाट क्याच आउट भएपछि नेपालको आशा लगभग सकिएको थियो । विन्दु रावल खाता नै खोल्न नसकी आउट भए । पूजा महतो ४ र अश्मिना कर्माचार्य ३ रनमा आउट भएका थिए ।

भू-क्षय न्यूनीकरणका उपाय अपनाऔं

- वस्तीको माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- जमिन चिरा परेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं।

भू-क्षयबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

### खुकुरी प्रहार...
पृष्ठ १ बाट जारी

जनयुद्धमा होमिएको र धेरै मानिसहरुको हत्या गरेर सरकारमा पुगेको माओवादीका नेताहरुले खुकुरी प्रहार गर्नेलाई कारवाहीको माग जोडदारका साथ गरेका थिए । धेरै जति संसदले खुकुरी प्रहारको बिषय संसदमा बोलेका थिए । लाग्थ्यो सदनमा बोल्ने अरु कुनै बिषय नै थिएनन् । यस्ता खुकुरी काण्ड आज मात्र भएका हुन् । होइनन् ।

यस्ता खुकुरी बोकेर मानिसहरुमाथि आक्रमण गर्न नेपाली काँग्रेस पार्टीले भुमिगत कालमा नै सिकाएको हो । पछि संगठनको रुपमा खुकुरी दल नामले चिनिने संगठनलाई नेपाल प्रहरी नामको संगठन बनाएर समायोजन गरेको थियो । समाजमा जव अन्याय, अत्याचार, असमानताको खाडल ठुलो हुदै जान्छ । यस्ता आक्रोशले कतै न कतै अभिव्यक्त भईराखेको हुन्छ । यतिवेला नेपालमा आर्थिक संकटको भुमरी फनफनी घुमिरहेको छ । त्यसको उपज प्रेम आचार्यले नयाँ वानेश्वरमा आत्म दाह गरेर मृत्यु रोजे, विराटनगरमा एकजना व्यापारी मोहन न्यौपनेले आत्महत्या गरे, त्यसको केही समयपछि काठमाडौका व्यवसायी दिपक पौडेलले आत्महत्या गरे, पूर्व प्रधानमन्त्री माधव नेपालका सरोदर भाई सरोज नेपालले होटलवाट हाम फालेर मरे हिक्कमत हुने तर आफ्ना कामहरुको बाधा फुकाउन नसक्दा सफल व्यक्तित्वहरु पनि आत्महत्या गर्न बाध्य भए,

यि यस्ता घटनाले नेपालको राजनीतिक क्षेत्रसँग सम्बन्ध राख्छ । किनकी कुनै मजदुरले १८ घण्टा काम गर्दा खान लाउन धौ धौ हुने देशमा भएका उद्योग कलकारखाना चौपट बनाउने तर काम नगरी बस्ने नेताहरुको गफ नै लगाएको भरमा काठमाडौ लगायत शहरमा करोडौको सम्पति देखिने जनताको छोराछोरी विदेश नगएसम्म चुलो नबल्ने अवस्थामा राजनीतिक समस्याले निम्त्याएको समाजमा राजनीतिक विश्लेषकहरुले नै बोलेकाछन् । त्यो जायज नै भएर बोलेका होलान् ।

यि माथिका आधारहरु मान्दा राजनीतिक नामको पार्टीहरुले गलत गरिराखेका छन् । जनता राजनीतिक पार्टीवाट सन्तुष्ट छैनन् भन्ने उदारण पनि यस खुकुरी काण्डले अभिव्यक्त गरेको जस्तो देखिन्छ । खुकुरी प्रहार पछि सामाजिक सञ्जाललाई आधार मानेर निस्कर्ष निकाल्ने हो भने खुकुरी प्रहार गर्ने श्याम सापकोटाको पक्षमा अढी मत देखिन्छ ।

हुनत नेपालमा हत्या हिंसा गर्नेहरुले गरेका राजनीति सवै ठिक हुन्छन् । त्यो चाहे नेपाली काँग्रेसले गरेको प्रजातान्त्रिक आन्दोलन होस् । वा माओवादीले गरेको जनयुद्ध किन नहोस् । त्याहा अप्रत्यक्ष विदेशी शक्तिको हात हुन्छ ।त्यसैले त्यो जायत हुदो रहेछ । किनकी उनिहरुलाई नेपालको जग भत्काउनु पर्ने रहेछ । नेपालीलाई यो अवस्थासम्म पुर्‍याउन ७३ बर्षा लाग्यो । र पनि जात जातको नाममा लडाई गराउन सकेनन् । धर्मको नाममा लडाई गराउन सकेनन् । नेपालका कल कारखाना बन्द गराएर नेपालका युवाहरुलाइ देशवाट पलायन गराएर देश खाली गराउन केही सफल भएका छन् ।

त्यो सत्य कुरा नेपाली जनताले थाहा पाउदै गएपछि अक्रोशका स्वरहरु मनोवलहरु नेपाली जनताका राजनीतिक पार्टीहरुलाई हेर्ने दृष्टिकोणहरु फरक हुदै जान थालेका छन् । विगतको जस्तो हिंसाको राजनीति नेपाली जनताले चाहेका छैनन् । तर कतै कतै यस्ता हिंसाका घटना हुनु देशको लागि चिन्ताको बिषय हो । श्याम सापकोटा जस्ता मानिसले वाक स्वतन्त्रताको पक्षवाट मात्र विरोध गरेको भए हुन्थ्यो तर हत्तियारकै प्रायोग गर्नु हुदैन थियो । जे भईसक्यो नेपालको कानुनले जे भन्छ । त्यही अनुसार जाला तर बिर्सन नहुने कुरा विगतमा राजनीतिको नाममा हजारौ मानिसको हत्या गर्ने नेपाली काँग्रेस, एमाले, माओवादीले गरेका थिए । उहिरुले उन्मुक्ति पाएकाछन् । मुद्दा फिर्ता भएकाछन् । नजिर यहि नै हो । पछिल्लो समय टिकापुर घटनामा दोषि ठहर भईसकेका रेशम आम माफी पाएर कारगारवाट रिहा भएकाछन् । त्यस्तै श्याम सापकोटाले राजतन्त्र जिन्दावाद, हिन्दुराष्ट कायम गर, जय देश जय नरेश भन्दै पक्राउको त्रममा नारा लगाएकाछन् । उनि कुनै राजनीतिक पार्टीको संगठित सदस्य नभए पनि एउटा देशमा घट्दै गएको र उठ्दै गरेको हजारौ,लाखौ जनताको भावनाको प्रतिविम्ब जस्तो देखिन्छ ।

के आज कुनै ईमानदार र कर्ममा विश्वास गर्ने नेपालीले नेपाली हुन्मा गौरव गर्छु भनेर छातिमा हात राखेर भन्न सक्छ । कुनै नेपाली नागरिता लिएको तर सवै लगाउने मोजा देखि शिरको टोपीसम्म अर्काको देशको लगाउने दासले चै भन्न सक्ला नक्कली स्वरमा गौरव गर्छु भनेर खुकुरी काण्ड यहि बीचको द्वान्द्ध हो ।

### आँखा अस्पताल...
पृष्ठ ५ बाट जारी

कार्यक्रममा ग्रील तथा स्टील ब्यवसायी संघ काठमाडौं,पश्चिमक्षेत्र अन्तर्गत पाँचवटै इकाईका पदाधिकारी तथा सदस्यहरुले समेत स्वयंसेवी रुपमा आफुलाई समर्पित गरेका थिए ।

कार्यक्रममा महासंघको तर्फबाट प्रथम उपाध्यक्ष केदार अधिकारी ,उपाध्यक्षहरु ईश्वर बहादुर खड्का,यज्ञदास श्रेष्ठ,विष्णुमाया उचाही मगर,संसोधिन शेष,जिवन भट्टराई,रुपेन्द्र बानियाँ महासचिव विवेकदास श्रेष्ठ, केन्द्रिय सदस्यहरु मुकुन्द भट्टराई,बालमुकुन्द नकर्मी,बिष्णु भक्त डंगोल लगायत सदस्यहरुको उपस्थिति रहेको थियो भने काठमाडौं जिल्लका पदाधिकारी तथा सदस्यहरुको उपस्थिति रहेको थियो ।

पानसमा बत्तिबालेर प्रमुख अतिथि ठुलोबाबु श्रेष्ठले उद्घाटन गरेका थिए । कार्यक्रमको सन्चालन ग्रील तथा स्टील ब्यवसायी संघ काठमाडौंका महासचिव याम बहादुर श्रेष्ठ (पशुपति)ले गरेका थिए ।

नेपाल आँखा अस्पताल त्रिपुरेश्वरका राम के.सींले यो जोखिम पुर्ण ब्यवसाय भएकोले यसमा सावधानि अपनाउन सबैलाई आग्रह गरे। संसार हेर्न पाउने मानविय अधिकार बाट कसैले पनि बन्चित हुनु नपरोस् भनेर यस्तो शिविरहरुमा आँखा अस्पतालले सहयोग गरेको उनले बताए ।

जोखिम युक्त ब्यवसायमा आबद्ध ब्यवसायी तथा कर्मचारीको लागि निशुल्क आँखा शिवर सम्पन्न गर्न सहयोग गरेको भन्दै ग्रील तथा स्टीलब्यवसायी संघ काठमाडौंले आँखा शिविरमा खटिएका स्वास्थ्यकर्मीहरुलाई सम्मानपत्रले सम्मान गरेको थियो ।

कार्यक्रमको बारेमा मिडिया संग कुरा गर्दै ग्रील तथा स्टील ब्यवसायी संघ काठमाडौंका अध्यक्ष सुनिलकुमार अमात्यले आम ब्यवसायीहरुको लागि बिभिन्न कार्यक्रमहरु बनएर लागु गर्न आफ्नो कार्यसमितिले पहल गरिरहेको बताएका थिए।

आँखा शिविर मात्र नभएर टि टि खोप, होलबडी चेकअप जस्ता स्वास्थ्य चेकजाँचको ब्यवस्था मिलाउन काठमाडौं जिल्लाले महासंघ संगको सहकार्यमा पहल गर्ने बताएका थिए ।

# चीन भ्रमण फलदायी र प्रभावकारी हुने: प्रधानमन्त्री प्रचण्डको जोड

**काठमाडौं** । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफ्नो आसन्न चीन भ्रमणका विषयमा उच्च राजनीतिक दलसँग छलफल गरेका छन् ।

आइतबार बिहान प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबार प्रधानमन्त्रीले सर्वदलीय बैठकको आह्वान गरेका थियो । बैठकमा पूर्वप्रधानमन्त्रीहरू, राजनीतिक दलका शीर्ष नेताहरू, पूर्वपरराष्ट्रमन्त्रीहरू लगायतका राजनीतिक नेताहरू सहभागी थिए ।




छलफलमा नेताहरूले छिमेकीहरूसँग सन्तुलित कुटनीतिक सम्बन्ध कायम गर्न विशेष जोड गर्नुपर्ने, विगतका सम्झौताहरू कार्यान्वयनको अवस्थाबारे समीक्षा जरूरी रहेको, दुबै देशले एक-अर्काको सुरक्षा लगायत दुईपक्षीय चासोका विषयहरूमा ध्यान दिनुपर्ने, नेपालको असंलग्न परराष्ट्र नीतिबारे छिमेकीलाई विश्वासमा लिनुपर्ने, नेपालले लाभ लिन सकिने विषयहरूमा राम्रो गृहकार्य गरेर भ्रमणमा जानुपर्ने लगायतका विषयहरूमा ध्यान दिनुपर्ने सुझावहरू राखेका थिए ।

छलफलमा बोल्दै प्रधानमन्त्रीले आफ्नो चीन भ्रमण फलदायी र प्रभावकारी हुनेमा जोड दिँदै त्यसका लागि आवश्यक गृहकार्य गरिएको बताए ।

“यो छलफल आसन्न चीन भ्रमणलाई बढीभन्दा बढी फलदायी र प्रभावकारी कसरी बनाउने भन्ने उद्देश्यका साथ बोलाइएको हो । यहाँ तपाईले जुन सुझावहरू दिनुभएको छ । प्राप्त सुझावहरू महत्वपूर्ण छन् । यसले मेरो भ्रमणलाई प्रभावकारी बनाउन सहयोग पुग्नेछ । भ्रमण फलदायी बनाउन सकेसम्म प्रयास गरिएको छ । भ्रमण फलदायी र प्रभावकारी हुन्छ,” सरकारले दुबै छिमेकीका साथै विश्व समुदायमा सन्तुलित सम्बन्ध कायम राख्ने प्रष्टाउँदै प्रधानमन्त्रीले नेपाल असंलग्न परराष्ट्र नीतिमा दृढ रहेको बताए ।

संयुक्त राष्ट्रसंघको महासभामा नेपालले गरिरहेको विकास प्रयास, जलवायु परिवर्तन र त्यसले नेपाल जस्ता मुलुकहरूलाई पारेको असर, शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याउन नेपालले खेलिरहेको भूमिका बारे लगायतका विषयमा जानकारी गराउने र संयुक्त प्रयासका निम्ति अपील गर्ने प्रधानमन्त्रीले जानकारी दिए ।

# पूर्वराष्ट्रपति यादव अस्पताल भर्ना

**काठमाडौं–** पूर्वराष्ट्रपति डा. रामवरण यादव अस्पताल भर्ना भएका छन् ।

उच्च रक्तचाप, मधुमेह र ढाड दुख्ने समस्या देखिएपछि उहाँलाई आइतबार वीर अस्पतालको भीआईपी कक्षमा भर्ना गरिएको हो । वीर अस्पताल पुगेर स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले पूर्वराष्ट्रपति यादवको स्वास्थ्य अवस्थाबारे जानकारी लिएका छन् ।

स्वास्थ्यमन्त्री बस्नेतले पूर्वराष्ट्रपति यादवसँगै वीर अस्पतालमै उपचाररत कोशी प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री एकराज कार्की र नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्रप्रसाद यादवलाई पनि भेटेर स्वास्थ्य अवस्था जानकारी लिएको उहाँको सचिवालयले जनाएको छ ।

### क्याप्टेन रतन बहादुर...
पृष्ठ १ बाट जारी

प्रतिभा राजेश खनाल विगत साँढे तीन दशकअघिदेखि कला तथा साहित्यिक पत्रकारितामा सक्रिय हुनुहुन्छ । दर्जनौं साप्ताहिक पत्रिकाहरूमा सम्बद्ध रहेर काम गरिसकेका खनाल हिमालय टाइम्स नेपाली दैनिकमा समेत आवद्ध हुनुभएको थियो । करिब दुई दशकभन्दा बढी एफएम रेडियोहरूमा कार्यक्रम निर्माता तथा संचालक रहनु भएका खनालसँग टेलिभिजनमा कार्यक्रम लेखनको अनुभव समेत रहेको छ । उहाँले केही वृत्तचित्रको निर्देशन पनि गर्नुभएको छ ।

पछिल्लो समय अनलाइन पत्रिका बाह्रखरी डटकममा साहित्य पृष्ठको संयोजन गर्दै आउनु भएका खनालको ‘पाइला आफ्नै आफ्नै’ (व्यक्तिवृत्त) पुस्तक प्रकाशित छ । उहाँले केही जीवनीहरूको सम्पादन पनि गर्नुभएको छ ।

क्याप्टेन रतन बहादुर लामिछानेको धर्मपत्नी कवि एवं गीतकार सपना लामिछानेको सहकार्यमा स्थापना गरिएको उक्त पुरस्कारबाट यसअघि डा. तेजेन्द्र राई, प्रा. कुसुम लामिछाने, साहित्यकारहरु ज्ञाननिष्ठ ज्ञवाली, डा. मिरा प्रधान, लव गाउँले, गंगा लिगल, जलेश्वरी श्रेष्ठ, पत्रकारहरु मिलन मास्के र कमलमणि पोखेललगायत विभिन्न क्षेत्रमा योगदान दिएका १४ जना व्यक्तित्वहरू सम्मानित भएका छन् ।

पुरस्कार आगामी आउँदो असोज ११ मा प्रदान गरिनेछ । साथै सोही अवसरमा विभिन्न माध्यमबाट नेपाली भाषा र साहित्यको विकासमा निरन्तर सक्रिय साहित्यकारहरू गीता कार्की, ज्ञानु अधिकारी, सपना लामिछाने, लिलादेवी श्रेष्ठ, रेनुका सोलु, वसन्त नकर्मी तथा नेत्र अनुसन्धान विज्ञ सिद्धार्थ रन्जित र समाजसेवी हेमन्त कुमार कार्कीलाई सूचक सम्मान अर्पण गरिने आयोजकले जनाएको छ ।

## अन्तराष्ट्रिय समाचार

# बाढीका कारण दक्षिण चीनमा ८० हजार मानिस विस्थापित



**काठमाडौं** – शुक्रबार साँझ आएको अविरल वर्षापछिको बाढीका कारण दक्षिण चीनको ग्वाङडोङ प्रान्तका ८० हजार मानिस विस्थापित भएका छन् ।

उनीहरूलाई सुरक्षित स्थानमा सारिसकिएको बताइएको छ । टाइफुन हाइकुई र मनसुनले बिहीबारदेखि पर्ल नदी डेल्टा क्षेत्रमा रहेका धेरै सहर र काउन्टीहरूमा मुसलधारे वर्षा भइरहेको छ, जसका कारण बाढीपहिरो र सडक अवरुद्ध भएको छ । प्रान्तीय विपद् न्यूनीकरण आयोगले १५ वटा सहरलाई जोखिमयुक्त रहेको बताएको छ ।

सेन्जेन, झुहाई र जियाङ्मेन सहरहरू र फोसान, डोङ्गुआन र ग्वाङ्झाउका केही भागमा विद्यालयसमेत बन्द गरिएको छ । त्यस्तै ४७ रेल सेवाहरु अवरुद्ध भएका छन् भने ७९ सडक खण्डहरू, ६ वटा टोल बुथ र एउटा पुल अवरुद्ध भएको छ ।

# जिब्राल्टारमा स्पेनी सार्वभौमसत्ता अस्वीकार

**काठमाडौं** – सन् १९६७ मा आजकै दिन (सेप्टेम्बर १०) मा जिब्राल्टारको सार्वभौमसत्ताको विषयमा जनमतसंग्रह भएको थियो । जनमतसंग्रहमा जिब्राल्टारवासीलाई बेलायतअन्तर्गत स्वशासित क्षेत्र वा स्पेनको विशेष भूभागका रूपमा रहने छान्न दिइएको थियो ।

जनमतसंग्रहमा बेलायती भूभागकै रूपमा रहने पक्षमा १२ हजार १३८ र स्पेनी भूभागका रूपमा रहने पक्षमा जम्मा ४४ मत परेको थियो । जिब्राल्टरलाई १७०४ अगस्ट ४ मा बेलायतले कब्जा गरेको थियो । बेलायतसँगको युद्धमा स्पेनले आत्मसमर्पण गरेसँगै जिब्राल्टार गुमाएको थियो ।



एंग्लो-डच सेनाले कब्जा गरेको जिब्राल्टार १७१३ को सन्धिअनुसार स्पेनले बेलायतलाई सुम्पेको हो । तर स्पेनको दाबीपछि जिब्राल्टरको सार्वभौमसत्तालाई लिएर बेलायतसँगको सम्बन्धमा विवाद उत्पन्न भएको थियो । जसका कारण १९६७ र पछि २००२ मा जनमतसंग्रह गरिएको थियो । तर दुवै जनमतसंग्रहमार्फत जिब्राल्टारवासीले स्पेनी सार्वभौमसत्ता अस्वीकार गरे । आइबेरियन द्वीपको दक्षिणमा रहेको जिब्राल्टारको उत्तरतर्फ स्पेन छ । ६.७ वर्गकिमि क्षेत्रफलमा फैलिएको चट्टानी द्वीपको हालको जनसंख्या ३२ हजार ६ सय छ । स्वशासित क्षेत्र जिब्राल्टारको गभर्नर बेलायतले नियुक्त गर्छ भने जिब्राल्टारवासीले बेलायती नागरिकता पाउँछन् । तर रक्षा र विदेशलगायत मामिलाबारे भने बेलायत सरकारले नै निर्णय लिन्छ ।

# मोरक्को भूकम्पमा दुई हजार भन्दा बढीको मृत्यु

**माराकेस** – मोरक्कोमा शक्तिशाली भूकम्पका कारण २ हजारभन्दा बढीको मृत्यु भएको छ । अमेरिकन जिओलोजिकल सर्भेका अनुसार मोरक्कोको माराकेसबाट ७१ किलोमिटर दक्षिण पश्चिममा रहेको हाई एटलस माउन्टेनलाई केन्द्रबिन्दु बनाएर शुक्रबार राति ६.८ म्यागिनच्युडको भूकम्प आएको हो । स्थानीय समयअनुसार राति ११ बजे आएको भूकम्पको गहिराइ १८.५ किलोमिटर रहेको बताइएको छ ।

शनिबार रातिसम्म १ हजार ४ सय जना गम्भीर घाइते रहेको बीबीसीले उल्लेख गरेको छ । मोरक्कोका आन्तरिक मामिला मन्त्रालयका अनुसार भूकम्पको धक्काबाट थुप्रै भवन तथा भौतिक संरचना भत्किएका छन । कतिपय भत्किएका भवनमा मानिसहरू पुरिएर रहेको हुन सक्ने आकलन गरिएको छ । भूकम्पबाट ठूलो संख्यामा मानिसहरू घाइते भएपछि उपचारका क्रममा रगत अभाव हुँदा रक्तदानका लागि माराकेसस्थित सयौं मानिस लामबद्ध भएका छन । रक्तदान केन्द्रमा एम्बुलेन्स नै लगेर रगत संकलन गरिएको पनि स्थानीय सञ्चारमाध्यमले जनाएका छन । यस्तै घाइतेहरूको उपचारका लागि रगत अभाव हुन सक्ने भन्दै स्वास्थ्यकर्मीहरूले रक्तदानका लागि आह्वान गरेका छन । घाइतेहरूको उद्धारका लागि सरकारी अधिकारीसहित स्वयंसेवकहरू खटिरहेका छन ।

# भाद्र २६ देखि ३१ सम्म नाडा अटो शो '२०२३' आयोजना गरिने




**काठमाडौं–** नाडा अटोमोवाइल्स् एशोशियसन अफ नेपालद्वारा यही भाद्र २६ देखि ३१ गते सम्म सवारी साधन, पार्ट पुर्जा, वित्तिय सेवा एवं अन्य सम्बन्धित सरोकारवाला संघ संस्थाहरुको एक मात्र भव्य प्रदर्शनीको १५औं संस्करण टाटा मोटर्स जेनुइन आयलद्वारा प्रायोजित "नाडा अटो शो २०२३" आयोजना गरिने भएको छ।

काठमाडौंको भृकुटी मण्डप प्रदर्शनी स्थलमा आयोजना हुने उक्त प्रदर्शनीको शिर्ष प्रायोजक टाटा मोटर्स जेनुइन आयल रहेको छ भने सह-प्रायोजकमा शिखर इन्सुरेन्स् कम्पनी लिमिटेड रहेको छ। यसै गरी प्रदर्शनीको डोर प्राइजमा याडिया, टिकटिङ्ग पार्टनरमा खल्ती, अफिसियल इन्टरनेट पार्टनरमा वर्ल्डलिङ्क, फायर सेफ्टी सपोर्टमा हिटको प्रा.लि. एवं हस्पिटल पार्टनरमा फ्रन्टलाइन् हस्पिटल जस्ता प्रतिष्ठत संस्थाहरू रहेका छन् तथा प्रदर्शनीको व्यवस्थापन ग्लोबल एक्सपोजिसन एण्ड म्यानेजमेन्ट सर्भिसेजले गरी रहेको छ।

हाल विद्यमान बजार शुस्तताका बाबजुद पनि प्रदर्शनीमा विभिन्न अटोमोबाइल कम्पनीहरुको उत्साहजनक सहभागिताले, केही हदसम्म अर्थतन्त्र चलायमान बनाउन यस किसिमको व्यापारिक गतिविधिको योगदानलाई प्रष्ट पार्दछ।

आयोजकका अनुसार आर्थिक शुस्तताले अटोमोबाइल व्यवसायीमा नकारात्मक प्रभाव पार्नुका साथै सवारी साधन खरिदकर्ताको वित्तीय योजनामा समेत असर गरेको छ। यस अवस्थामा टाटा मोटर्स जेनुइन आयलद्वारा प्रायोजित नाडा अटो शो २०२ ३ले बजारलाई चलायमान बनाउन मद्दत पुग्ने आयोजकको ठम्याई रहेको छ। संग-संगै नेपाली महान चाड-पर्वहरुको पूर्वार्धमा आयोजना हुन गइरहेको यस प्रदर्शनीले अटो व्यवसायी, ग्राहकवर्ग, गाडी प्रेमीहरु तथा अटोमोबाइलसंग प्रत्यक्ष-अप्रत्यक्षरुपमा संलग्न सबैलाई उत्साह पूर्वक सहभागी गराउने आयोजकले विश्वास लिइएको छ।

प्रत्येक वर्ष नाडा अटो शोमा सहभागी संस्था तथा अवलोकनकर्ताहरुको चाप बढ्दै गइरहेको सन्दर्भमा, प्रदर्शनीले सवारी साधनलाई विलासिता मात्र नभई, आम सर्वसाधारणको जिविकोपार्जनका लागि चाहिने अत्यावशक साधनको रुपमा चित्रण गर्न सहयोग पुग्ने आयोजकको विश्वास रहेको छ।

प्रदर्शनीमा ठूला तथा साना गरि करिव १२० वटा स्टल र ब्लकहरु रहने छन्। उक्त प्रर्दशनीमा प्रख्यात अन्तर्राष्ट्रिय ब्राण्डका सवारी साधन, लुब्रिकेन्ट, टायर, पार्ट-पुर्जाका साथै राष्ट्रिय ब्राण्डका अटो सामग्री उत्पादक एवं वस्तु तथा सेवा प्रदायकहरुको सहभागिता समेत रहने छ। प्रदर्शनीमा १६ वटा ब्राण्डका चार पाङ्ग्रे, २२ वटा ब्राण्डका दुई पाङ्ग्रे, ७ वटा ब्राण्डका लाइट कमर्शियल भेहिकल, ९ वटा वित्तिय संस्था तथा ३० वटा लुब्रिकेन्ट, टायर, ब्याटरी, पार्ट-पुर्जा एवं ग्यारेज उपकरण कम्पनीहरुको सहभागिता रहेको छ।

प्रदर्शनीलाई बढी जानकारीमुलक, सेवामूलक र ग्राहकमुखी बनाउन अटो सम्वन्धि सेवा सुविधा दिने जस्तै वित्तिय सेवा, विक्रिपछिका सेवा, आदिका छुटाछुटै स्टलहरु रहने छन् भने अटो सम्वन्धी जानकारी दिने म्यागेजीन तथा पत्रपत्रिकाहरुका लागि पनि एउटा छुटै साझा मिडिया स्टलको व्यवस्था गरिएको छ। आम सर्व साधारणलाई ट्राफिक नियम तथा सडक सुरक्षा सम्बन्धी व्यापक सुसूचित गराउने उदेश्यका साथ महानगरीय ट्राफिक प्रहरी महाशाखा, काडमाडौंको सुचना-कक्ष समेत प्रदर्शनीमा रहने छ।

उक्त विशाल प्रदर्शनीमा अवलोकनकर्ताहरुको सुविधालाई विषेश ध्यानमा राखी २-पाङ्ग्रे, ४-पाङ्ग्रे, वित्तिय संस्था, अटो कम्पोनेन्ट्स् एवं ग्यारेज उपकरर्णहरुको छुट्टा-छुट्टै प्रदर्शन गरिएको छ। प्रदर्शनी स्थलमा सजिलै आवागमन गर्नकालागि काठमाण्डु मल, सैनिक कल्याणकारी भवन, बस पार्क भिउ टावर लगायतका सार्वजनिक पार्किङ्ग स्थलहरूबाट महानगर यातायातको सहयोगमा शटल बस सञ्चालन गरिने छ।

एक्स्पोलाई व्यवस्थित बनाउन, प्रदर्शनी स्थलमा भिड-भाड कम गर्न एवं आगन्तुकहरुको भ्रमणलाई सहज बनाउन आजकै मिति देखि खल्ती एप मार्फत अनलाईन टिकट खरिद गर्न सकिने व्यवस्था मिलाइएको छ। आज देखि भाद्र २५ गतेसम्मको अग्रिम अनलाइन टिकट खरिदमा प्जबतिष द्वारा २० प्रतिशत क्यास ब्याकको अफर समेत रहेको छ।

६ दिन सम्म चल्ने उक्त नाडा अटो शो २०२३मा लगभग ७५००० आगन्तुकहरुले अवलोकन गर्ने विश्वास आयोजकको रहेको छ। यस वर्षको थप आकर्षणमा कुजु नेपाल प्रा. लि.को प्रायोजनमा नाडाले थ्बमभब भ्डक एचय भभअतचष्अ क्अययतभर्चा टिकटको लक्की ड्रगरी भाग्यसाली एक जना आगन्तुकलाई उपहार दिने व्यवस्था समेत गरिएको उल्लेख छ।

# केटिएम एक्स्चेञ्ज क्याम्पमा पुरानो मोटरसाइकललाई थप १५ हजार मूल्य दिने



**काठमाडौं**, केटिएम एक्स्चेञ्ज क्याम्पमा जुनसुकै ब्राण्डको पुरानो मोटरसाइल ल्याएर नयाँसँग साट्न पाइने भएको छ। यस्तो एक्सचेञ्ज क्याम्प भदौ १७ देखि २२ सम्म सञ्चालन हुने बताइएको छ।

केटिएमको नक्सालस्थित शोरुममा एक्स्चेञ्ज क्याम्प सञ्चालन हुने छ। पुरानो बाईकको मूल्यांकनमा थप १५ हजार अतिरिक्त प्रदान गरेर नयाँ मोटरसाइकल उपलब्ध गराइने आयोजकले बताएको छ।

त्यसबाहेक, नयाँ बाईक किन्नेका लागि ५० प्रतिशत डाउनपेमेण्ट गर्ने सुविधा रहेको कम्पनीले बताएको छ। नगदमै बाईक किन्नेहरुले पनि १० हजार छुट सुविधा पाउने र फाइनान्स सुबिधा लिनेका लागि पाँच हजार छुटको व्यवस्था मिलाइएको कम्पनीले बताएको छ।

केटिएम मोटरबाइक जगदम्बा मोटर्सले नेपालमा बिक्री वितरण गर्दै आईरहेको छ

# विश्वव्यापी रूपमा फास्टेस्ट ग्रोइङ्ग अटोमोटिभ ब्राण्ड 'सेरेस' नाडा अटो शोमा लन्च हुँदै



**काठमाडौं –** ब्राण्ड डाइरेक्टरीले हरेक वर्ष विश्वव्यापी रूपमा शीर्ष पाँच हजार कम्पनीहरूको प्रदर्शन मूल्याङ्कन गर्दछ। सोहि ब्राण्ड डाइरेक्टरीद्वारा तयार पारिएको २०२३ को वार्षिक प्रतिवेदन अनुसार सोकोन (हाल सेरेस) एक सफल अटोमोबाइल कम्पनी बन्न सफल भएको छ। साथै २०२२ पछि सबैभन्दा छिटो बढिरहेको र वार्षिक रुपमा २१ प्रतिशत बढी गाडीहरु बेचिरहेको छ।

प्रतिबद्धता, नवीनता र उत्कृष्टताको अटुट प्रयास पछि सेरेस द्रुत गतिमा विस्तार हुने अटोमोबाइल ब्राण्ड बन्न सफल भएको छ। विश्वको अग्रणी 'टेक्नोलोजी जायन्ट' हुवावेसँग साझेदारी हुनु सेरेसलाई थप उचाईमा पुर्याएको छ। सोहि साझेदारी स्वरूप सेरेसले डिजिटल समाधान, स्मार्ट प्रविधि र कनेक्टिभिटीका लागि हुवावेको टेक्नोलोजी प्रयोग गरी आफ्ना ग्राहकहरुलाई सिमलेस तथा इन्टेलिजेन्ट ड्राइभिङ अनुभव प्रदान गर्दै आइरहेको छ।

सेरेसले ७० भन्दा बढी मुलुकमा आफ्नो दमदार उपस्थिति देखाइसकेको छ। इभीको उपलब्धतालाई सहज र दिगो बनाउने उद्देश्यका साथ अघि बढिरहेको सेरेसले विश्वलाई प्रदुषण मुक्त बनाउने दिर्घकालिन लक्ष्य लिएको छ। सेरेस नविनतम प्रविधिको विकास गर्न चीनमा मात्र नभई अमेरिका र जापान लगायत मुलुकमा पनि आफ्नो अत्याधुनिक 'रिसर्च एण्ड डेभलपमेन्ट विंग' लाई संचालन गर्दै आएको छ। 'ड्राइभिङ' लाई थप पर्यावरण मैत्री र व्यावहारिक बनाउने अभियानमा सेरेसले अग्रणी भूमिका निर्वाह गर्दै आएको छ।

आउँदो २६ भाद्रबाट सुरु हुन गइरहेको नाडा अटो सोमा लन्च गर्ने भनिएको सेरेसलाई नेपालमा भने एमएडब्लु ग्रुपले भित्र्याउन लागेको हो। सेरेस ३ को टेस्ट ड्राइव तथा अनुभवका लागि सेरेसको बुथमा 'ए-६' सम्पर्क गरी बिस्तृत जानकारी लिन सकिने कम्पनिले जनाएको छ।

# टारो ब्रान्डका मोटरसाइकल तथा स्कुटरमा फेस्टिभल अफर




**काठमाडौं –** इटालियन डिजाइन र कन्सेप्टमा निर्मित टारो ब्रान्डका मोटरसाइकल तथा स्कुटरको नेपालका लागि आधिकारिक वितरक ओम मोटोकर्पले आइतबारबाट लागू हुने गरी प्रि-दशैं तिहार तथा छठ अफर सार्वजनिक गरेको छ।ारो ब्रान्डका हाल नेपाली बजारमा तीन भेरिएन्टका मोटरसाइकल र दुई भेरिएन्टका स्कुटर रहेका छन्। आकर्षक लुक्स र फिचरमा उपलब्ध यी ब्रान्डका बाइक तथा स्कुटर प्रतिस्पर्धी मूल्यमै उपलब्ध रहेका कम्पनीको भनाइ छ।

गत साल कोभिडको दौरान नेपाल भित्रिएको सो ब्रान्डले कोभिड र त्यसपछिको आर्थिक मन्दीको सामना गर्दै यो सेगमेन्ट अन्तर्गतका आफ्ना ग्राहकहरुलाई निरन्तर सेवा दिँदै आएको छ। यसै सोच अनुरुप कम्पनीले यस पालिको महान चाडको अवसरमा आफ्ना वाइक तथा स्कुटरमा 'रेभ अप योर सेभिगं विथ टारो' नामक अफर सञ्चालनमा ल्याएको बताएको छ।

यस अन्तर्गत ग्राहकहरुले २० हजार देखि ६० हजार सम्म मोडल हेरी सिधै छुट पाउन सक्नेछन्। साथै फाइनान्स तथा एक्सचेन्ज गरी नयाँ वाइक तथा स्कुटर खरिद गर्न चाहने उपत्यका भित्रका ग्राहकहरुको निमित्त ५ प्रतिशत ब्याजदरमै १८ महिने किस्ताको सुविधाको साथ आफूलाई मन परेको टारो ब्रान्डको बाइक तथा स्कुटर खरिद गर्न सक्नेछन्।

सो फाइनान्सिङ अफरलाई सरल तथा सहज बनाउन कम्पनीले उपत्यका भित्रका लागि 'तपाईंको बजार' सँग सम्झौता गरेको बताएको छ।

# सुजुकीको चाडपर्व लक्षित अफर नगद छुट, एक्सचेन्ज बोनस र बीमा निःशुल्कको सुविधा

**काठमाडौं –** नेपालका लागि सुजुकी गाडीको आधिकारिक विक्रेता सीजी होल्डिङ्ग अटोमोटिभ डिभिजन सीजी मोटोकर्पले 'सुजुकी पर्वोत्सव अफर' सार्वजनिक गरेको छ।

कम्पनीले दशैं तथा तिहार लगायतका चाडपर्वलाई लक्षित गर्दै 'पर्वोत्सव' योजना ल्याएको हो। ग्राहकले सुजुकीको गाडी किन्दा एक लाख बराबरको नगद छुट पाउनुका साथै एक लाख रुपैयाँसम्म एक्सचेन्ज बोनस र एक वर्षको सवारी बीमा निःशुल्कको सेवा पाउनेछन्।

काठमाडौंमा भदौ २६ बाट सुरु हुने नाडा अटो शोको पूर्वसन्ध्यामा कम्पनीले पर्वोत्सव योजना सार्वजनिक गरेको हो। यस योजना अन्तर्गत नाडा अटो शोमा थप छुट समेत उपलब्ध गराउने कम्पनीले बताएको छ।




यो योजना नेपालभर रहेका सुजुकी गाडीका सोरूमहरुमा लागू हुने कम्पनीले बताएको छ। सुजुकीका विभिन्न मोडलका गाडीमा फरक-फरक छुटका शर्तहरु लागू हुने कम्पनीले बताएको छ। यो योजना सीमित अवधिका लागी मात्र जारी गरिएको कम्पनीको भिनाइ छ।

# हुन्डाईको फेष्टिभ डिलाइट २०८० सार्वजनिक




**काठमाडा-** हुन्डाई गाडीको लागि नेपालका आधिकारीक विक्रेता लक्ष्मी इन्टर कन्टिनेन्टल प्रा. लि. दशैं - तिहार लक्षित फेष्टिभ डिलाईट २०८० योजना सार्वजनिक गरेको छ ।

आफ्ना ग्राहक महानुभावहरुको दशैं तिहार विशेष र हर्षोल्लास पूर्ण बनाउन हुन्डाइले विगतका वर्षहरुमा गाडीका साथै अन्य आकर्षक उपहारहरु दिँदै आएको छ । यस वर्ष पनि यहि परम्परा कायम राखि १ जना भाग्यमानीले हुन्डाइ क्रख लक्की ड्र मार्फत प्राप्त गर्न सक्नेछन् ।

हुन्डाईको चाड पर्व लक्षित योजना नेपाली अटोमोवाइल बजारमा सबैभन्दा बहुप्रतिक्षित योजनामा निदै आएको छ । हुन्डाई फेष्टिभ डिलाइट २०८० अन्तर्गत कुनै पनि हुन्डाई गाडीको खरीदमा रु. ६ लाख सम्मको आकर्षक नगद छुट,स्क्राच कार्ड मार्फत थप रु.१ लाख सम्मको नगद छुटका साथै १ वर्षको लागि नि:शुल्क सवारी वीमा तथा सवारी कर सुविधा पनि प्राप्त गर्न सक्नेछन् ।

आफ्ना ग्राहकहरुको सन्तुष्टिको निमित्त हुन्डाईले सदैव समय सापेक्षिक ग्राहक लक्षित योजनाहरु सार्वजनिक गर्दै आइरहेको छ। २१ भाद्रदेखि शुरु भएको यस हुन्डाई फेष्टिभ डिलाइट २०८० योजनामा आउँदै गरेको नाडा अटो शोमा गाडी खरिद गर्नुहुने महानुभाबहरुले पनि यो योजनामा सहभागिता जनाउन योग्य हुनेछन् । नाडा अटोशो २०२३ मा हुन्डाईको द्यछ स्टल भ्रमण गरेर सम्पूर्ण महानुभावहरुले हुन्डाईका विभिन्न उत्पादनहरुको अवलोकन गरी आफ्ना जिज्ञासाहरु पनि मेट्न सक्नेछन् । सबै हुन्डाईका गाडीमा ३ वर्ष वारेन्टी र ६ वर्षको फ्रि सर्भिसिङ्ग उपलब्ध छ ।

यो योजना मंसिर ३ (छठ पर्व) सम्म लागू हुनेछ । लक्ष्मी इन्टरकन्टिनेन्टल प्रा.लि.ले नेपाल भरी १७ शोरुमहरु तथा १९ सर्भिस सेन्टरहरु मार्फत ग्राहकहरुलाई सेवा प्रदान गरिरहेको छ । हुण्डाई मोटर कम्पनी विश्वकै ५ ठूला अटोमावाइल उत्पादक मध्येमा पर्दछ । यस कम्पनीका उत्कृष्ट उत्पादनहरुले विश्वभरि करोड ग्राहकहरुको मन तथा विश्वास जित्न सफल भएको छ ।

# नाडा अटो शो मा फोर्स अरबानीया लन्च हुँदै

**काठमाडौं-** नेपालका लागि फोर्स मोटर्सको आधिकारिक आयातकर्ता आयाम इन्टरकन्टिनेटल प्रा.लि ले नाडा अटो शो मा भारतमा अत्याधीक माग रहेको साथै नेपालमा सर्वाधिक मानिसहरुको चासो र पर्खाईमा रहेको बहुप्रतिच्छित फोर्स कम्पनिको अरबानीया (**Urbania**) माइक्रो बसको अनावरण तथा बुकिङ्ग खुल्ला गरि बिक्री वितरण शुभारम्भ गरीने भएको छ ।

तथा एन्ड्रोइड दूबैका लागी चार्जीङ्ग पोर्टको ब्यबस्था भएको,सेन्ट्रलडोर लकीङ्ग वीथ रिमोट किलेस इन्ट्री, हिल होल्ड कन्ट्रोल, क्यामरा बेस रिभर्स पार्क सिस्टम, फलोमी होम फिचर, कोल्यापसीबल स्टेरीङ्ग कोलुम आदी जस्ता अत्याधुनीक बिषेशताहरु यस बसमा रहेकोछ साथैलेटेस्ट जेनेरेशनको ब्दक तथा भ्कउ जस्ता अन्य आधुनिक शुरक्षा प्रणाली समेत जडान भएको छ ।




यस बस नेपालमा आयातीत माइक्रोबसहरु मध्यमा सबैभन्दा प्रिमियम सुबिधा यूक्त रहेको छ भने कार जस्तै आरामदायी र सूबिधा सम्पन्न रहेको कुरा कम्पनीले जनाएको छ । विषेशत पर्यटन तथा होटल ब्यबसायी, टुर्स एण्ड ट्राभल्स, ठुला कम्पनीहरु,कुटनीतीक निकायहरु,सरकारी तथा गैर सरकारी संस्थाहरुका लागी यो माइक्रोबस उपयूक्त हुने देखिन्छ । यो माइक्रोबस विश्व प्रशिद्ध मर्सिडिज बेन्जको डिजाइनमा बनेको तथा सोही कम्पनीको इन्जिन,गेयरबक्स तथा एक्सल जडान गरिएको छ ।

अरबानीया सुरक्षाका दृष्टीकोणले सम्पूर्ण रेटिङ्ग हरुमा अब्बल मानियको छ । ड्युल एअर ब्याग यूक्त यस गाडी मा एरोडाइनामीक क्यास एण्ड रोलोबर प्रोटेक्सन, डबल स्कीन बडी कन्सट्रक्सन,स्टाइलीस डि आर एल हेड ल्याम्प, न्यू ट्रान्सफर लिफ, ट्रीपल ए सी सीस्टम, अलराउण्ड भिजीबिलीटी स्क्रिन, टेलीसकोपीक स्टेरीङ्ग,हरेक सिटमा आइफोन

आकर्षक र सुबिधा सम्पन्न माइक्रोबस भएकाले एक पटक यात्रा गरेपछी पुन यात्राका लागी रोजाइमा पर्ने कम्पनीको भनाई रहेको छ । स्लाइडीङ्ग डोर सहितको तिन ढोका यूक्त यो बसमा १४ र १८ सिट क्षमतामा उपलब्ध छन भने यसमा अति आरामदायी रिक्लाइनिङ्ग सिटहरु रहेको छ । सहज ईन्ट्री र एक्जिट, पर्याप्त वुट स्पेस, पर्याप्त हाइट साथै बस्न सहजताका लागी फ्रन्ट बम्पर डिजाइन, कुनै दुर्घटना भैहालेमा पनी हेड इन्जुरी कम होस भन्नका लागी त्यही अनुसारको ड्यासबोर्ड डिजाइन यस बसमा गरीएको छ ।

यस गाडीमा ठुलो सिङ्गल विन्डो रहेकोले आकर्षक दृश्यको अवलोकन गर्न सकिन्छ । यस बसको सुरुवाती मुल्य बयासी लाख उनानसय हजार रुपैया रहेको छ । यो मुल्य केही समयको लागि मात्र लागु हुने समेत कम्पनीले जानकारी गराएको छ साथै नाडा अटो शो मा बुकिङ्ग गर्नेहरुको लागी आकर्षक छुट सुबिधा समेत उपलब्ध हुने कुरा कम्पनीले जनाएको छ ।

# स्कोडा 'स्लाभिया', नेपाली बजारमा




**काठमाडौं-** नाडा अटो शोमा नयाँ नयाँ मोडल सार्वजनिक गर्ने दौडधुप चलिरहेकोमा अटो शोमा सहभागि नभएको स्कोडाले भने चुपचाप नयाँ मोडल बजारमा ल्याएको छ। कम्पनीले कम्प्याक्ट सेडान स्लाभिया नेपाल ल्याएको हो ।

र्यापीडको स्थानमा आएको भएपनि स्लाभिया निकै प्रिमियम र फिचर लोडेड हुनेछ । यसको मूल्य पनि र्यापीडको तुलनामा महंगो हुने देखिएको छ। स्कोडाको आधिकारीक बिक्रेता एमएडब्लू स्कोडाले एक दुई दिन भित्रै यसको बिक्री सुरु गर्ने जनाएको छ ।

स्लाभियामा कसशकको जस्तै १.० लिटर टीएसआई पेट्रोल इन्जिनमा उपलब्ध रहेको छ। यसमा रहेको थ्री सिलिण्डर टर्बो पेट्रोल इन्जिनले ११५ पीएस पावर र १७५ एनएम टर्क जेनेरेट गर्छ । यसमा ६ स्पीड म्यानुयल र ६ स्पीड टर्क कन्भर्टर अटोमेटीक गियरबक्स उपलब्ध छ ।

स्कोडा स्लाभिया एक्टीभ, एम्बीसन र स्टाईल भेरियन्टमा भारतमा उपलब्ध छ । नेपाल भने कुन भेरियन्टमा लन्च हुन्छ, त्यसको जानकारी प्राप्त भएको छैन ।

फक्सवागेन टाइगुन र स्कोडा कुशक जस्तै स्लाभिया पनि 'एमक्यूबी एजीरो आइएन प्लेटफर्म'मा बनेको कार हो। यसको लम्बाई ४५४१ एमएम, चौडाई १७५२ एमएम र उचाई १४८७ एमएम रहेको छ । स्लाभियामा २६५१ एमएम लामो ह्वीलवेस पाउन सकिन्छ ।

ड्यूल टोन इन्टेरियर रहेको स्कोडा स्लाभियामा १० इन्चको टचस्कृन इन्फोटेन्मेन्ट सिस्टम रहेको छ । सनरुफ, वायरलेस चार्जर, अल डिजिटल इन्ट्रुमेन्ट क्लष्टर, अटोमेटीकि क्लाइमेट कन्ट्रोल, भेन्टिलेटेड फ्रन्ट सीट, ६ वटा एयरव्याग, टीपीएमएस, इएससी, इडिएस जस्ता आधुनिक फिचर यसमा पाउन सकिन्छ ।

यसको मूल्य भने आधिकारीक रुपमा बाहिर आएको छैन । यद्यपि, ४५ लाखदेखि ६० लाख रुपैयाँ भित्रै यसका सबै भेरियन्ट उपलब्ध हुने अनुमान गर्न सकिन्छ ।

## जेसिस्टको स्कुटर बजारमा

**काठमाडा-** जेसिट्को नयाँ इलेक्ट्रीक स्कुटर नेपाल आएको छ । दुगड ग्रुप अन्तर्गतको विवेक अटोमोवाइल्सले 'राया जी' इलेक्ट्रीक स्कुटर नेपाल ल्याएको हो ।

कम्पनीले यसअघि जेटिस्को 'जी १' मोडल मात्रै बिक्री गर्दै आएको थियो । अब भने अर्को 'राया जी' मोडल थप भएको हो ।

कम्पनीले ल्याएको नयाँ मोडल राया जीमा १.५ किलोवाट क्षमताको इलेक्ट्रीक मोटर पाउन सकिन्छ । उक्त मोटरले ४ हर्सपावर र २६ एनएम टर्क जेनेरेट गर्छ ।

राया जी स्कुटरमा ७२ भोल्ट २० एम्पिएरको लिथियम आयोन ब्याट्री दिइएको छ । यसलाई सिंगल चार्जमा ५० किलो मिटरसम्म गुडाउन सकिन्छ । साथै, यसमा डबल ब्याट्रीको प्रयोग गर्न सकिन्छ । यदि दुबै ब्याट्री फुल चार्ज छ भने यसको रेन्ज १०० किलोमिटरसम्म हुनेछ ।

# सिप्रदी अटोपार्टसद्वारा रिटेलर्स मीट र टाटा गुरू सम्मान कार्यक्रम आयोजना

**काठमाडौं** – टाटा जेन्युइन पार्ट्स र टाटा मोटर्स जेन्युइन आयलको नेपालकै एकमात्र आधिकारिक वितरक सिप्रदी अटो पार्टस् प्राइभेट लिमिटेडले काठमाडौं उपत्यका भित्रका रिटेलर्स मीट र टाटा गुरु सम्मान कार्यक्रम आयोजना गरेको छ ।



सिप्रदी कम्पनीका प्रमुख कार्यकारी अधिकृत राजनबाबु श्रेष्ठ र टाटा मोटर्सका इन्टरनेशनल बिजनेस हेड राकेश मित्तलको विशेष उपस्थितिमा सिप्रदी अटोपार्टस्का वरिष्ठ महाप्रबन्धक युवराज बुढाथोकीले उक्त कार्यक्रम सञ्चालन भएको थियो । टाटालाई टाटा नै सही भन्ने मूल मन्त्र मान्दै सञ्चालन गरिएको कार्यक्रममा सम्बोधन गर्दै सिप्रदीका सीईओ राजनबाबु श्रेष्ठले सबैको साथ पाएर मात्र टाटा नेपालमा अटोमोबाइलको क्षेत्रमा नम्बर एक रहेकोले गर्दा सिप्रदीले पनि सबै रिटेलर्स, मेकानिक्स र ग्रहकलाइ साथमा लिएर अगाडी बढने गरको बताए ।

सिप्रदीले प्राविधिकहरुलाई आधुनिक प्रबिधिहरुको तालिम उपलब्ध गराई रहेको जानकरी गराउदै हालसालै तीन दिन तालिम लिएका पच्चीस जनता प्राविधिकहरुलाई प्रमाणपत्र वितरण गरी सम्मानित गरेका थिए । कार्यक्रममा खुद्रा बिक्रेताहरुको वित्तीय व्यवस्थापनको लागी सिप्रदीले नबिल बैंक संग समभ्कौता गरको अनि नयाँ प्रविधिसंग अभ्यास हुन डायनामिक टेक्नोसफ्ट संग समभ्कौता गरी ईआरपी सफ्टवेयर प्रदान गर्न लागेको जानकारी गराउनु भयो । श्रेष्ठले ग्राहकलाइ टाटा जेन्युइन पार्टस् र टाटा मोटर्स जेन्युइन आयल सहज, सुलभ र सहुलियत रुपमा उपलब्ध होस भनी सिप्रदीले अनलाइन स्टोर दराज संग समभ्कौता गरि दराज मा उपलब्ध गराएको जानकारी गराएका थिए ।

कार्यक्रममा रिटेलर्स र टाटा गुरुहरुलाई बिभिन्न उपहारहरु प्रदान गरिएको थियो । टाटा वफादारी कार्यक्रम अन्तर्गत टाटा गुरु दिपक महर्जनले डियो स्कुटर उपहार प्राप्त गर्नुभयो भने आईफोन १४ प्रो २ जनाले, एलईडी टेलिभिजन २ जनाले लगायत अन्य धेरैले उपहार प्राप्त गरे कार्यक्रमलाई सम्बोधन गर्दै टाटा मोटर्स अन्तरराष्ट्रिय व्यापार प्रमुख राकेश मित्तलले आधुनिक प्रबिधिलाइ आत्मसाथ गर्नु पर्ने बताउदै सम्पूर्ण उपहार बिजेताहरुलाई बधाई दिदै टाटा मोटर्स आफ्ना ग्राहकको साथ रहने बताए ।

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधानसमपादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यलय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस